प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८८ | काठमाडौं | बिहीबार, १९ कात्तिक २०८३ | Prabhab National Daily | Thursday, 05 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

विवादित ६ प्रकरणको आवरणमा हटाइयो आइजिपी कार्की, केसीलाई बनाइयो नयाँ आइजिपी

■ जेबी योञ्जन

काठमाडौं– सरकारले विभिन्न विवादित प्रकरणमा मुछिएका नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई हटाएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई पदमुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारीमा राखेको छ ।

कार्कीको बर्खास्तीपछि रिक्त पदमा एआइजी मनोज केसीलाई जिम्मेवारी दिने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले बुधबारको मन्त्रिपरिषद् बैठकपछि जानकारी दिए । पदमुक्त कार्कीको कार्यकाल १७ महिनाको थियो । कुनै कारण सार्वजनिक नगरी उनलाई सरकारले बुधबार पदबाट हटाएको हो । यद्यपि, सरकारका प्रवक्ता पोखरेलले भने कार्कीलाई कारबाही गरिएको नभई जिम्मेवारी परिवर्तन गरेको दाबी गरे ।

त्यसो त आइजिपी कार्कीलाई हटाउने घटना एकाएक भएको होइन । त्यसअघि नै प्रहरी संगठनभित्र अनेक विवाद, आरोप-प्रत्यारोप र शक्ति संघर्षका घटना सार्वजनिक भएका थिए । निर्वाचन प्रहरीको पोसाक खरिदमा अनियमितताको आरोपदेखि इनम सापकोटा प्रकरण, एआइजी मनोज केसीसँग जोडिएको अडियो, आइजिपी कार्कीसँगको भिडियो, पत्रकार पक्राउ र प्रहरी नेतृत्वबीचको घोचपेचसम्मका घटना भए ।

यी घटनाक्रमले प्रहरी संगठनभित्रको आन्तरिक तनावमात्र होइन, सरकार र प्रहरी नेतृत्वबीचको सम्बन्धसमेत सहज नरहेको देखाएका थिए ।

कार्कीको बर्खास्तीसँगै वालेन्द्र शाह नेतृत्वको सरकारले ३० वर्षअघिको प्रकरण दोहोऱ्याएको छ । २०५३ सालमा तत्कालीन गृहमन्त्री वामदेव गौतमले बहालवाला प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई यसैगरी हटाएका थिए । तर पछि सर्वोच्च अदालतले





उनलाई पुनर्बहाली गरिदिएको थियो ।

भ्रष्टाचारको आरोप

आइजिपी कार्की विवादमा तानिएको एउटा प्रमुख घटना निर्वाचन प्रहरीको पोसाक खरिद प्रकरण थियो । प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल प्रहरीले ठूलो संख्यामा निर्वाचन प्रहरी भर्ना गरेको थियो । उनीहरूका लागि पोसाक, जुत्ता, लाठी तथा अन्य सामग्री खरिद गरिएको थियो ।



आइजिपी कार्कीलाई विनाकारण हटाएर तेस्रो नम्बरका केसीलाई आइजिपी बनाउने कार्य प्रहरी संगठनमाथिको सीधा हस्तक्षेप हो । यसले संस्थाभित्र अस्थिरता र अविश्वास खडा गर्छ ।

■ हेमन्त मल्ल
पूर्वडिआइजी, नेपाल प्रहरी

तर, खरिद प्रक्रियामा अनियमितता भएको आरोप सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद खगेन्द्र सुनारले लगाए । उनले निर्वाचन प्रहरीको पोसाक खरिदमा भ्रष्टाचार भएको आरोप लगाउँदै आइजिपी कार्कीलाई पदबाट हटाएर छानबिन गर्नुपर्ने माग गरेका थिए । सुनारको आरोपपछि प्रहरीका उच्च अधिकारीहरू असन्तुष्ट बने । उनीहरूले संगठनमाथि प्रहार भएको भन्दै सभामुख डोलप्रसाद अर्यालको ध्यानाकर्षणसमेत गराए । यस घटनाले सत्तारूढ दल र प्रहरी नेतृत्वबीचको सम्बन्धमा तनाव बढायो ।

इनम सापकोटा प्रकरण

दोस्रो विवाद अदालतका बिचौलिया भनिएका इनम सापकोटासँग जोडियो । न्यायालयदेखि राजनीतिक तथा प्रशासनिक वृत्तसम्म पहुँच बनाएको आरोप लागेका सापकोटा प्रहरी हिरासतमा पुगेपछि उनको बयान र सम्बन्धबारे चर्चा सुरु भयो ।

उनले बयानका क्रममा प्रधानमन्त्री शाह, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेन, रास्वपा सभापति रवि लामिछाने, आइजिपी कार्कीलगायत विभिन्न व्यक्तिको नाम लिएको विवरण सार्वजनिक भयो । उनको बयानमा नाम आउँदैमा सम्बन्धित व्यक्ति दोषी प्रमाणित हुने अवस्था थिएन । तर, सापकोटाको पहुँच र सम्पर्कको विषयले सरकार तथा प्रहरी नेतृत्वमाथि प्रश्न उठायो ।

विशेषगरी प्रहरी प्रमुख कार्कीसँग उनको सम्बन्ध कस्तो थियो भन्ने विषयले थप चर्चा पायो । यो प्रकरणको निष्पक्ष अनुसन्धान हुनुपर्ने माग उठिरहेका बेला आइजिपी कार्कीलाई हटाउने निर्णय मन्त्रिपरिषद्बाट भयो । त्यसैले यो घटनालाई नेतृत्व परिवर्तनको पृष्ठभूमिसँग जोडेर हेरिएको छ ।

केसी-अण्डारीको अडियो

तत्कालीन एआइजी मनोज केसी र निराजन भण्डारीबीचको टेलिफोन संवाद सोमबार सार्वजनिक भयो ।

⏭ क्रमशः पृष्ठ २ मा

- आइजिपी कार्कीमाथि निर्वाचन प्रहरीको पोसाक खरिदमा भ्रष्टाचार गरेको आरोप
- बिचौलिया इनम सापकोटाले बयानमा आइजिपी कार्कीको नाम पोलेको
- एआइजी मनोज केसी र खगेन्द्र सुनार निकट निराजन भण्डारीको अडियो सार्वजनिक
- आइजिपी कार्की र निराजन भण्डारीको भिडियो सार्वजनिक
- पत्रकार पक्राउ र सञ्चारगृहमा प्रहरी हस्तक्षेप
- पिपिसी बैठकमा कार्की-केसी घोचपेच

को हुन् नयाँ आइजिपी केसी ?

काठमाडौं (प्रस)– नेपाल प्रहरीको ३४औं महानिरीक्षक (आइजिपी)मा नवनियुक्त डा. मनोज केसीले बुधबार नै जिम्मेवारी सम्हालेका छन् । केसी अपराध अनुसन्धानमा अनुभव हासिल गरेका प्रहरी अधिकृत हुन् । नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानलाई गति दिएपछि उनी चर्चामा आए ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले एआइजी केसीलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको हो । सरकारले यसअघि आइजिपी रहेका दानबहादुर कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा सरुवा गरेको थियो ।

केसी र कार्की एउटै ब्याचका प्रहरी अधिकृत हुन् । दुवैले २८ चैत २०५४ मा प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका थिए । केसी २६ मंसिर २०६६ मा डिएसपी, १९ साउन २०७४ मा एसपी, ३ साउन २०७९ मा एसएसपी, १३ जेठ २०८१ मा डिआइजी र ११ वैशाख २०८२ मा एआइजीमा बढुवा भएका थिए ।

एआइजीमा बढुवा हुँदा उनी तेस्रो नम्बरमा थिए । पहिलो नम्बरमा कार्की र दोस्रो नम्बरमा राजन अधिकारी थिए । सरकारले कार्कीलाई हटाएर दोस्रो नम्बरका अधिकारीलाई समेत पछि पार्दै केसीलाई आइजिपी बनाएको हो ।

केसीको प्रहरी जीवनमा सबैभन्दा चर्चित अनुसन्धान नक्कली भुटानी



शरणार्थी प्रकरण नै हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख रहेका बेला उनले यो प्रकरणको अनुसन्धान अघि बढाएका थिए । लामो समयदेखि अलपत्र परेको उक्त प्रकरणमा केसी नेतृत्वको टोलीले १२ चैत २०७९ मा केशव दुलाल, टंक गुरुङ र सानु भण्डारीलाई पक्राउ गरेको थियो । त्यसपछि अनुसन्धान विस्तार हुँदै पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी र तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसम्म पुगेको थियो ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गरेको प्रकरणको अनुसन्धानमा केसीले महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

चालु आवको पहिलो तीन महिना

मलेसिया जाने ६२ प्रतिशतले बढ्दा खाडी मुलुकमा घट्यो

■ ममता थापा

काठमाडौं– मलेसियाले श्रमिक भर्तीका लागि लागू गरेको नयाँ प्रणाली 'फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेण्ट सिस्टम (एफडब्ल्युसिएमएस)' को कारण हाल नेपालबाट उक्त मुलुकमा श्रमिक पठाउने प्रक्रिया बन्द रहेको छ । सरकारले उक्त प्रणाली खारेज गरी पुरानै प्रक्रियाबाट श्रमिक पठाउन मलेसियासँग कूटनीतिक पहल गरिरहेको भए पनि समस्या सुल्झिएको छैन ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा भने मलेसिया जाने नेपालीहरूको संख्या गत आवको तुलनामा उल्लेख्य वृद्धि भएको पाइएको छ । गत आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनाको तुलनामा मलेसिया जानेहरूको संख्या चालु आवको सोही अवधिमा ६२ प्रतिशतले वृद्धि भएको पाइएको हो ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आवको साउन, भदौ र असोजमा कूल ३० हजार २४२ जनाले मलेसिया जानका लागि व्यक्तिगत,



संस्थागत र श्रम स्वीकृति नवीकरण गरेका छन् । जबकि गत आवको यसै अवधिमा यस्तो संख्या १८ हजार ६६६ जना रहेको थियो । यस आवमा रोजगारीको खोजीमा उक्त मुलुक जाने श्रमिकको संख्या ११ हजार ५७६ जना बढेको छ ।

मलेसिया जाने श्रमिकको संख्या बढ्दै गर्दा खाडीका प्रमुख श्रम गन्तव्यमा जानेहरूको संख्यामा भने कमी आएको छ । पश्चिम एसियाको द्वन्द्वले खाडी मुलुकको रोजगारी प्रभावित हुँदा श्रमिकको माग घट्न गएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । नेपालीहरूको रोजाइको गन्तव्य बन्दै आएको संयुक्त अरब इमिरेट्स (युएई) दुवै आर्थिक वर्षमा पहिलो स्थानमै रहे पनि उक्त मुलुक जाने श्रमिकको संख्यामा भने गिरावट आएको छ । गत आवको पहिलो तीन महिनामा ६७ हजार ५०२ जना उक्त मुलुक जाँदा चालु आवको सोही अवधिमा ६१ हजार १६० जनामात्र युएई गएका छन् ।

चालु आवको पहिलो तीन महिनामा साउदी अरब जाने श्रमिकको संख्या गत आवको सोही अवधिको तुलनामा घटेको छ । गत आवको पहिलो तीन महिनामा २८ हजार ८७७ जनाले उक्त मुलुकका लागि श्रम स्वीकृति लिएका थिए । चालु आवको सोही अवधिमा २३ हजार ७६६ जनाले मात्र विभागबाट श्रम स्वीकृति लिएका छन् । यो संख्या गत आवको तुलनामा १७.७ प्रतिशत न्यून हो ।

त्यस्तै, कतार जाने श्रमिकको संख्या पनि घटेको छ । गत आवको पहिलो तीन महिनामा ३३ हजार ४८३ जनाले श्रम स्वीकृति लिँदा चालु आवमा यस्तो संख्या ३२ हजार ३२८ रहेको छ ।

विभागको तथ्यांकअनुसार कुवेत जाने श्रमिकको संख्या भने बढेको छ । गत आवको पहिलो तीन महिनामा १२ हजार २८९ जना रोजगारीका लागि कुवेत गएकामा चालु आवको सोही अवधिमा १३ हजार ४९२ जनाले श्रम स्वीकृति लिएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

सत्ताको पेलानपछि जेन-जी विद्रोहमा दोषी करार ओलीसँग नजिकिँदै थापा-दाहाल

पछिल्लो राजनीतिक विषयमा छलफल गर्न सभापति थापा ओली भेट्न गुण्डु पुग्नुभएको हो । यसलाई 'पोजेटिभ' रूपमा लिनुहोला ।

■ विश्वप्रकाश शर्मा
वरिष्ठ उपसभापति, नेपाली कांग्रेस

हिजो माओवादी र एमालेका विभिन्न धारामा रहेका सबै समूहलाई पनि एकताबद्ध गर्ने जिम्मेवारी तपाईं-हामी सबैको काँधमा छ ।

■ पुष्पकमल दाहाल
संयोजक, नेपाली कम्युनिस्ट पार्टी

गगन थापासँग राम्रो कुरा भयो । राजनीतिक कुराहरु भए । समसमायिक कुरा पनि भयो ।


■ केपी शर्मा ओली
अध्यक्ष, नेकपा एमाले

■ प्रभाव संवाददाता

काठमाडौं– झण्डै दुईतिहाइ बहुमतका साथ यतिबेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार छ । सत्तामा छन् प्रधानमन्त्री







वालेन्द्र शाह । वालेन्द्रको उदयपछि प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले उनलाई साथ दिने उद्घोष गरेको थियो ।

कांग्रेसका वर्तमान सभापति गगन थापाले अघिल्लो वर्षको भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहपछि तत्कालीन प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग नभेट्ने नीति नै लिए । 'ओलीसँग भेट्दिनँ,' जेन-जी विद्रोहपछि थापाले पार्टीपंक्तिमा स्पष्ट रूपमा भनेका थिए । थापाले ओलीलाई जेन-जी विद्रोहका दोषीका रूपमा लिएका थिए ।

ओलीले भने विशेष महाधिवेशनदेखि नै धेरैपटक थापासँग संवादको प्रयास गरेका थिए । ओलीसँग तर्किँदै आएका थापाले २१ फागुन २०८२ को चुनावताका पनि ओलीसँग संवाद गर्न चाहेनन् । यसरी दूरी बढाएपछि ओलीले पनि कांग्रेसको महाधिवेशनमा अनुपस्थिति मात्र जनाएनन्, थापाप्रति खासै सहानुभूति पनि देखाएका थिएनन् ।

केही महिनाअघि एमाले कांग्रेससँगको सहकार्य तोडेर प्रदेश सरकारहरू पुष्पकमल दाहाल संयोजक रहेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)सँग गठबन्धन गर्न पुग्यो । त्यतिबेला कांग्रेस सभापति थापाले सरकार नजोगिए पनि एमालेसँग सहकार्य नगर्ने नीति लिए । त्यसै कारण कोशी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारबाट कांग्रेस बाहिरियो । यो बीचमा सत्तारुढ दल विपक्षी दलप्रति अनुदार हुन थालेपछि भने थापा ओलीकहाँ पुगेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

विवादित ६...

करिब एक मिनेट ५६ सेकेण्ड लामो अडियोमा आइजिपी कार्कीको राजीनामाबारे कुराकानी भएको सुनिन्थ्यो । भण्डारीले राजीनामाको विषय उठाउँदा केसीले 'ए अँ, हो' भन्दै प्रतिक्रिया दिएको अडियोमा सुनिएको थियो । अडियो सार्वजनिक भएपछि प्रहरी संगठनभित्रको आन्तरिक विवाद थप चर्चामा आयो । आइजिपी कार्कीलाई हटाउने विषयमा प्रहरी नेतृत्वकै उच्च तहमा छलफल भइरहेको थियो कि भन्ने प्रश्न उठ्यो । तर, सार्वजनिक अडियोको आधिकारिकता र संवादको वास्तविक सन्दर्भ स्वतन्त्ररूपमा पुष्टि हुनुपर्ने विषय थियो । केही भएन ।

आइजिपी कार्की-अण्डारीको भेट

अडियो सार्वजनिक भएको केही समयपछि आइजिपी कार्की र निराजन भण्डारीबीच भेट भएको भनिएको भिडियो सार्वजनिक भयो । भिडियोमा काठमाडौंको एक होटलमा कार्की र भण्डारी उभिएर कुराकानी गरिरहेको देखिन्थ्यो । उनीहरूबीच के विषयमा कुराकानी भएको थियो भन्ने खुलेको थिएन । तर अडियो र भिडियो लगातार सार्वजनिक भएपछि प्रहरी संगठनभित्र एकले अर्कोलाई कमजोर बनाउने प्रयास भइरहेको आशंका बढ्यो । प्रहरी नेतृत्वबीचको सम्बन्ध र उनीहरूको गतिविधि सार्वजनिक बहसको विषय बन्यो । यसले प्रहरी संगठनको आन्तरिक एकतामाथिसमेत प्रश्न उठायो ।

पत्रकार पक्राउ र प्रेसमाथि दमन

पाचौं विवाद पत्रकार पक्राउ र सञ्चारगृहमा प्रहरी प्रवेशसँग सम्बन्धित थियो । आइजिपी कार्कीलाई हटाउने तयारी तथा प्रहरी संगठनभित्रको विवादबारे समाचार प्रकाशित भएपछि गत शुक्रबार पत्रकारहरू विश्वमणि सुवेदी, धीरज बस्नेत र शोभराज बरललाई प्रहरीले पक्राउ गऱ्यो । केहीलाई साइबर ब्युरोमा बोलाए ।

विभिन्न सञ्चारगृहका समाचारकक्षमै प्रवेश गरेर पत्रकारलाई नियन्त्रणमा लिन खोजिएको घटनाले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको भन्दै आलोचना भयो । प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले घटनाबारे आफूलाई जानकारी नभएको र प्रधानमन्त्रीको निर्देशनपछि पत्रकारलाई छाडिएको दावी गऱ्यो । तर, नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले जारी गरेको विज्ञप्तिमा प्रधानमन्त्री कार्यालयको चासोपछि पत्रकारहरूलाई बोलाइएको उल्लेख थियो । यसले प्रधानमन्त्री कार्यालय र प्रहरी प्रधान कार्यालयबीचको सम्बन्धबारे थप प्रश्न उठायो । सरकारका प्रवक्ता सस्मित पोखरेलले भने पत्रकारलाई बोलाउने विषय प्रहरीको आन्तरिक काम भएको भन्दै पन्छिएका थिए ।

पिसिसी बैठकमा घोचपेच

छैटौं घटना, प्रहरी प्रधान कार्यालयमा बसेको पोलिसी कोअर्डिनेसन कमिटी (पिसिसी) बैठकसँग सम्बन्धित थियो । १२ कात्तिकमा बसेको उक्त बैठकमा सामान्यतया उपत्यकामा कार्यरत एआइजी र डिआइजीलाई बोलाइने भए पनि यसपटक सातै प्रदेशका डिआइजीलाई समेत उपस्थितिका लागि बोलाइएको थियो ।

झण्डै छ घण्टा चलेको बैठकमा आइजिपी कार्की र तत्कालीन एआइजी मनोज केसीबीच घोचपेच भएको बैठकमा सहभागी भएका एक डिआइजीको भनाइ थियो । उनका अनुसार कार्कीले नाम नलिई केही व्यक्ति मन्त्रालय धाउने गरेको र संगठन प्रमुखविरुद्ध लागेको भन्दै असन्तुष्टि जनाएका थिए । केसीले भने व्यक्तिमाथि लागेको आरोप व्यक्तिले नै स्पष्ट पार्नुपर्ने भन्दै प्रतिवाद गरेका थिए । यी घटनाक्रमबीच वालेन्द्र सरकारले बुधबार आकस्मिक मन्त्रिपरिषद् बैठकबाट आइजिपी कार्कीलाई जिम्मेवारीबाट हटाउने निर्णय गऱ्यो । उनलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त गरियो । एआइजी केसीलाई नयाँ आइजिपी बनाइयो ।

कार्कीको कार्यकाल अझै १७ महिना बाँकी थियो । यस्तो अवस्थामा उनलाई हटाएर नयाँ प्रहरी प्रमुख नियुक्त गरिएपछि सरकारको निर्णयमाथि कानुनी प्रश्न उठेको छ । सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले संवेदनशील विषयमा पार्टीबाट निर्देशन आएको भन्दै कार्कीको जिम्मेवारी फेरबदल गरिएको बताए । तर, रास्वपाका प्रवक्ता जगदीश खरेलले पार्टीले आइजिपी फेर्न कुनै निर्देशन नदिएको भन्दै उक्त अभिव्यक्तिको खण्डन गरे । एउटै दलका दुई प्रवक्ताको फरक अभिव्यक्तिले प्रहरी नेतृत्व परिवर्तनको निर्णय कति तयारी र समन्वयका साथ गरिएको थियो भन्ने प्रश्न उठाएको छ ।

प्रहरी संगठन राज्यको कानुन कार्यान्वयन गर्ने सबैभन्दा संवेदनशील निकाय हो । यसको नेतृत्व परिवर्तन राजनीतिक स्वार्थ र आन्तरिक शक्ति संघर्षको आधारमा हुन नहुने सुरक्षा क्षेत्रका जानकारहरूको तर्क छ । नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लका अनुसार कार्कीलाई विनाकारण हटाएर तेस्रो नम्बरका केसीलाई आइजिपी बनाउने कार्य प्रहरी संगठनमाथिको सीधा हस्तक्षेप हो । उनले ३० वर्षपछि नयाँ भनिएका नेता प्रधानमन्त्री हुँदा प्रहरी संगठनमा गरिएको हस्तक्षेप दोहोरिएको भन्दै आपत्ति जनाए । यसको असर प्रहरी संगठनमा देखिने उनको भनाइ छ ।

'यसले समस्या के ल्याउँछ भने संस्थाभित्र अस्थिरता र अविश्वास खडा गर्छ । त्यसबाट सरकार जोगिनुपर्ने हो । यो चाहिँ 'रियलाइज' गर्न सकेन कि जस्तो लाग्छ,' उनले बताए । कार्की आइजिपी बनेको गत वर्षको असोजमा हो । भनिन्छ, उनलाई आइजिपी बनाउन त्यसबेला तत्कालीन काठमाडौंका मेयर रहेका वालेन्द्र सहमत थिएनन् । तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याललाई उनले कार्कीलाई आइजिपी नबनाउन दबाब दिएका थिए । अर्याल जो वालेन्द्र मेयर छँदा उनका कानुनी सल्लाहकार थिए । तर, अर्याल पछि हटेनन् र कार्कीलाई आइजिपी नियुक्त गरे । कार्कीले जेन-जी विद्रोहपछि 'आमा खरानीबाट उठेर आएँ' भन्ने गीत रचेका थिए । उक्त गीत निकै 'भाइरल' भयो । स्रोतको दाबीमा जेन-जी विद्रोहपछि सत्तामा पुगेका प्रधानमन्त्री वालेन्द्र र गृहमन्त्री गुरुङलाई यो गीत लेखेपछि आइजिपी कार्की झनै मन पर्न छाडेको थियो । अन्ततः कार्की आइजिपीबाट हटाइएका हुन् ।

■■■

को हुन् नयाँ...

तत्कालीन कांग्रेस नेता खाँणलाई पक्राउ गर्न उनको नेतृत्वको टोली खाँण निवास पुगेको थियो । त्यसपछि कांग्रेस नेतृत्व उनीसँग असन्तुष्ट बनेको विवरण सार्वजनिक भएको थियो । अनुसन्धानको दोस्रो चरण सुरु भइरहेका बेला ४ भदौ २०८० मा तत्कालीन सरकारले उनलाई जिम्मेवारीबाट हटाएको थियो ।

केसीले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) मा रहँदा पनि विभिन्न ठूला आर्थिक तथा संगठित अपराधको अनुसन्धानको नेतृत्व गरेका थिए । नक्कली हवाई उद्धार अर्थात् 'फेक रेस्क्यु' ठगी, स्मार्ट टेलिकममा भएको अनियमितता, धितोपत्र तथा बिमा ठगी, क्रिप्टोकरेन्सी अपराध र सरकारी जग्गा अतिक्रमण तथा हिनामिनासम्बन्धी अनुसन्धानमा उनको भूमिका थियो ।

उनले अपराध अनुसन्धान विभाग, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, सिआइबी, विशेष ब्युरो, प्रहरी एकेडेमी तथा रूपन्देहीलगायत विभिन्न जिल्ला प्रहरी कार्यालयमा रहेर काम गरेका छन् । केसी नेपाल प्रहरीमा पहिलोपटक स्थापना गरिएको स्टाफ कलेजका संस्थापक निर्देशकसमेत हुन् । प्रहरी एकेडेमीमा कार्यरत रहँदा उनले प्रहरी विज्ञानमा स्नातकोत्तर तहको पाठ्यक्रम निर्माणमा योगदान गरेका थिए ।

उनले कम्बोडियाको पन्नासत्र विश्वविद्यालयबाट द्वन्द्व रूपान्तरण विषयमा विद्यावारिधि गरेका छन् । संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत कोसोभो र हैटीमा सुरक्षा अधिकृतका रूपमा काम गरेको अनुभव पनि केसीसँग छ । उनी फ्रान्सेली र स्पेनी भाषामासमेत दखल राख्छन् ।

■■■

सत्ताको पेलानपछि...

सरकारले भय र भ्रमको शासन सुरु गरेको आरोप लगाउँदै सभापति थापा ओली भेट्न उनको निवास गुण्डु पुगेका हुन् ।

सभापति थापाले मंगलबार साँझ एमाले अध्यक्ष ओलीसँग भेट गरी विपक्षी मोर्चा कस्न साथ मागे । रास्वपाको सरकारले मनपरी गर्न थालेपछि विपक्षी दलको आगामी रणनीति तय गर्न थापाले ओलीलाई भेटेको कांग्रेस वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले बताए । 'पछिल्लो राजनीतिक विषयमा छलफल गर्न सभापति थापा ओली भेट्न पुग्नुभएको हो । यसलाई पोजेटिभ रूपमा लिनुहोला,' बुधबार पार्टीको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा शर्माले भने ।

सभापति थापालाई ओलीकहाँ पुग्न बाध्य गराउने प्रकरण भने इनम सापकोटाको 'अडियो बयान' हो । अडियो बयानमा कांग्रेस आधिकारिताको मुद्दा आफ्नो पक्षमा पार्न न्यायाधीशलाई १८ करोड रूपैयाँ थापाले बुझाएको आरोप लगाएका छन् । कांग्रेस आधिकारिकताको मुद्दा सर्वोच्च अदालतमा विचराधीन रहेको छ । यता एमाले अध्यक्ष ओलीले भने थापासँगको भेट राम्रो भएको बताए । बुधबार भक्तपुरको राधेराधेमा रहेको भाटभटेनी आइपुगेका ओलीले सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै भने, 'राम्रो कुरा भयो । राजनीतिक कुराहरू भए । समसमायिक कुरा पनि भयो ।' यद्यपि भेटमा ओली थापासँग सकारात्मक नभएको ओलीको सचिवालयको दावी छ ।

ओलीको साथ नपाएपछि थापाले पदाधिकारी बैठक राखेर आफूलाई लागेको आरोपकोमात्र खण्डन गर्न लगाए । 'नेपाली कांग्रेस पार्टीको वैधानिकताका सवालमा पार्टी र हाम्रो नेतृत्वविरुद्ध लगाइएको आरोप, तथाकथित अडियो बयान र प्रचारहरू निराधार, कपोलकल्पित र नियोजित छन्,' वरिष्ठ उपसभापति शर्माले भने, 'प्रतिपक्षको प्रश्न र आवाजलाई दबाबमा राख्न सकिन्छ कि भन्ने सोच र षड्यन्त्रका साथ निर्मित भएको यस्ता षड्यन्त्र र सुनियोजित हतकण्डालाई नेपाली कांग्रेस पूर्णरूपमा खारेज गर्दछ ।'

कांग्रेसले यो विषयमा औपचारिक निर्णय गर्न पार्टीका उच्चस्तरीय नेताहरूको बैठक राखेको थियो । बैठकमा सभापति थापा, उपसभापतिहरू, महामन्त्रीहरू र संसदीय दलका नेता भीष्मराज आङ्देम्बेमात्र सहभागी थिए ।

पदाधिकारी बैठकपछिको पत्रकार सम्मेलनमा सभापति थापा देखिएनन् । कांग्रेसले आधिकारिकताको विषयमा भएको अडियो बयानको विधिसम्मत र विश्वसनीय अनुसन्धान गर्नसमेत माग गरेको छ ।

यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक दाहालले पनि सरकार तानाशाही शैलीमा गएको भन्दै एमाले अध्यक्ष ओलीसँग एकताका लागि आह्वान गरे । मंगलवार काठमाडौंमा आयोजित एक कार्यक्रममा संयोजक दाहालले अहिले मुलुक असाधारण संकटमा रहेको उल्लेख गर्दै एकताबद्ध हुनुपर्ने आवश्यकता रहेको बताए ।

'कम्युनिस्ट एकताको फेरि एउटा नयाँ कडी जोड्ने उद्घोष आज भएको छ । विगतमा साना-ठूला कम्युनिस्ट घटकहरूलाई एकताबद्ध गर्ने पहल जो गरेका थियौं, म फेरि पनि भन्न चाहन्छु, नेकपा एमालेदेखि हिजो माओवादी र एमालेका विभिन्न धारामा रहेका सबै समूहहरूलाई पनि एकताबद्ध गर्ने जिम्मेवारी तपाईं-हामी सबैको काँधमा छ,' दाहालले भने ।

'माधवजीले केपी ओलीको नाम लिँदाखेरि अलिकति के हुने हो भन्नुभयो, मलाईचाहिँ त्यस्तो लागेको छैन,' दाहालले थपे, 'केपी ओलीसमेत मोहन विक्रमजीसमेत, मोहन वैद्य, नेत्रविक्रम चन्दलगायत सबै बाँकी कम्युनिस्ट समूहहरूलाई पनि भन्छु । आजको देशको वस्तुगत आवश्यकता बनेको छ कम्युनिस्टहरूको एकता, देशभक्त र लोकतन्त्रवादीहरूको एकता एउटा ऐतिहासिक आवश्यकता बनेको छ ।'

जेन-जी विद्रोहअघि ओलीको चर्को आलोचनामा उत्रेका दाहालले अबका दिनमा आग्रह पूर्वाग्रह त्यागेर एकताबद्ध हुनुपर्ने धारणा राखे । 'जसलाई हामीले विगतमा विभिन्न रूपमा सहकार्य गऱ्यौं, एकता गऱ्यौं, थुप्रै-थुप्रै उतारचढावहरू भोग्यौं, आज देश असाधारण संकटमा छ । यो बेला हामी सबैले आफ्नो सोचाइलाई, आफ्नो बुझाइलाई, आफ्नो भावनालाई अझ फराकिलो गर्नुपर्ने, सबै खालका आग्रह, पूर्वाग्रह र संकीर्णताबाट मुक्त भएर राष्ट्रलाई प्राथमिकतामा राखेर, देशलाई प्राथमिकतामा राखेर एकताबद्ध हुने आजको आवश्यकता हो । हामी सबै त्यसैमा केन्द्रित होऔं,' दाहालले भने । देशको अस्तित्व नै संकटको अवस्थामा पुगेको भन्दै यसतर्फ सबैले सोच्नुपर्ने बेला आएको दाहालको भनाइ थियो ।

■■■

मलेसिया जाने...

नेपालीहरूका लागि उदयीमान गन्तव्य मानिएको युरोपेली मुलुक रोमानिया जानेहरूको संख्यामा भने बढेको पाइएको छ । गत आवको पहिलो तीन महिनामा छ हजार ६९२ जना रोमानिया गएकामा चालु आवमा यस्तो संख्या सात हजार १७९ रहेको छ । यता, जापान जाने श्रमिकको संख्यामा भने उल्लेख्य गिरावट आएको छ । गत आवको पहिलो तीन महिनामा पाँच हजार ९४७ जना जापान गएकामा चालु आवमा तीन हजार ८६९ जनालेमात्र श्रम स्वीकृति लिएका छन् । यो संख्या गत आवको तुलनामा करिब ३० प्रतिशतले न्यून हो ।

गत आवको शीर्ष १० रोजगार गन्तव्यको सूचीमा नभएको टर्कीमा चालु आवको पहिलो तीन महिनामा तीन हजार एक जना युवा गएका छन् । त्यस्तै, चालु आवको पहिलो तीन महिनामा आठौं प्रमुख गन्तव्य बनेको ओमानमा तीन हजार ३०५ जना गएका छन् । गत आवको शीर्ष १० मुलुकको सूचीमा ओमान थिएन ।

दक्षिण कोरिया जाने श्रमिकको संख्या भने सामान्य बढेको छ । गत आवको पहिलो तीन महिनामा दुई हजार ६५७ जना कोरिया गएकामा चालु आवको सोही अवधिमा दुई हजार ७६२ जना गएका छन् । गत आवको प्रमुख १० रोजगार गन्तव्यमा परेका क्रोएसिया र बहराइन चालु आवको यस्तो सूचीमा परेका छैनन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६९/०८/१७ मा दर्ता भएको प्रालिनं. ३१८०५ को **नारायणी ट्रमल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : ३०८३/०७/१५ गते

यस कम्पनीको मिति २०८३/०७/११ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **युनिक भिजन इङ्लिस बोर्डिङ स्कूल बझाङ प्रा.लि.**को नाम परिवर्तन गरी **युनिक भिजन इङ्लिस बोर्डिङ स्कूल कञ्चनपुर प्रा.लि.(दर्ता नम्बर १३६७२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सांविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६६/१०/२८ मा दर्ता भएको प्रा.लि.नं. ७०५२४ को **वडस मन्टेश्वरी स्कूल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७५।०६।२४ मा दर्ता भएको प्रा.लि.नं. २००९१२ को **लस्पाली स्वरोजगार मल्टिपर्पोज एग्रो फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०७।१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १८७ कात्तिक १८ गते २०८३ मा प्रकाशित **Rosebud Human Resource Pvt. Ltd.** को **LT No.350150** भएका **LA Villa Facilities** कम्पनीको **General Plumber** को सङ्ख्या पुरुष-१ र महिला-०, **Cleaner** को सङ्ख्या पुरुष-२ र महिला-२, **Stone Mason** को सङ्ख्या पुरुष-१ र महिला-०, **Cabinet Maker** को सङ्ख्या पुरुष-२ र महिला-० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, १९ कात्तिक, २०८३

मेष काममा उत्साह बढ्नेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने संकेत छ ।

वृष रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक सहयोग मिल्नेछ भने खर्चमा सावधानी अपनाउनुहोला ।

मिथुन नयाँ योजना बनाउने अवसर मिल्नेछ । बोली र व्यवहारमा संयम राख्दा सम्बन्ध राम्रो बन्नेछ ।

कर्कट कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ । मेहनतको उचित परिणाम प्राप्त हुनाले आत्मविश्वास बढ्नेछ ।

सिंह सामाजिक क्षेत्रमा मानसम्मान बढ्नेछ । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट बच्नुहोला ।

कन्या अधुरा काम पूरा गर्ने अवसर मिल्नेछ । स्वास्थ्य र व्यक्तिगत काममा विशेष ध्यान दिनुहोला ।

तुला नयाँ सम्पर्कबाट फाइदा पुग्नेछ । व्यापार तथा व्यवसायमा सकारात्मक परिणाम प्राप्त हुनेछ ।

वृश्चिक काममा धैर्य र लगनशीलता आवश्यक देखिन्छ । पारिवारिक वातावरण सुखद् रहनेछ ।

धनु नयाँ अवसरले उत्साह थप्नेछ । अध्ययन, यात्रा तथा व्यावसायिक क्षेत्रमा सफलता मिल्ने सम्भावना छ ।

मकर मेहनतअनुसार उपलब्धि हासिल हुनेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर निर्णय लिनुहोला ।

कुम्भ नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइको सहयोगबाट रोकिएका काम पूरा हुनेछन् ।

मीन पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ । व्यवसाय तथा रोजगारीमा नयाँ सम्भावना देखिनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२	
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१९ कात्तिक, २०८३ (०५ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.२२	१६९.८९
पाउन्ड स्टर्लिङ	१	२०३.०७	२०३.८७
स्विस फ्रैन्क	१	१८३.७८	१८४.५१
अस्ट्रेलियन डलर	१	१०६.६४	१०७.०६
क्यानाडियन डलर	१	१०८.५१	१०८.९४
सिङ्गापुर डलर	१	११८.६४	११९.११
जापानी येन	१०	९.६२	९.६६
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६२	४१.७८
थाई भाट	१	४.४९	४.५१
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३७	११.४१
स्विडिस क्रोनर	१	१५.४३	१५.४९
डेनिस क्रोनर	१	२२.६४	२२.७३
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६७	४०३.२६

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

कोप-३१ को तयारी

कार्बन बिक्रीका लागि बजार सुनिश्चितता खोजिँदै

■ प्रगति ढकाल



काठमाडौं– नेपालले आगामी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-३१) मा कार्बन व्यापारलाई सहज, प्रभावकारी र लाभदायी बनाउन कार्बन क्रेडिटको अन्तर्राष्ट्रिय बजार सुनिश्चितताको विषय पनि प्रखररूपमा उठाउने भएको छ । आगामी सोमबारदेखि टर्कीको अन्ताल्यामा हुने सम्मेलनका लागि नेपालले कार्बन क्रेडिटको बजार पहुँच, व्यापार सहजीकरण तथा यसबाट प्राप्त हुने लाभ सुनिश्चित गर्ने विषय समेटेर राष्ट्रिय स्थितिपत्र तयार गरेको हो ।

नेपालको स्थितिपत्रको ११औं नम्बरको बुँदामा कार्बन बजारको एजेण्डालाई समावेश गरिएको छ । सन् २०१५ को नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न २१औं कोपमा भएको ऐतिहासिक पेरिस सम्झौताको धारा ६ लाई कार्यान्वयनमा लैजान नेपालले कोपमा आवाज उठाउने तयारी छ । पेरिस सम्झौताको धारा ६ मा अन्तर्राष्ट्रिय कार्बन बजार, जलवायु सहकार्य र कार्बन क्रेडिटसम्बन्धी प्रमुख व्यवस्था गरिएको छ । यसले पक्ष राष्ट्रहरूलाई आफ्नो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्यहरू पूरा गर्न स्वेच्छिकरूपमा आपसमा सहकार्य गर्ने कानुनी र प्राविधिक ढाँचा प्रदान गर्छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले पेरिस सम्झौतामा गरिएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न कोप-३१ मा दबाब दिने गरी स्थितिपत्र तयार भएको जानकारी दिए । 'सम्झौताको धारा ६ मा व्यवस्था गरिएको कार्बन व्यापारसम्बन्धी प्रावधान कार्यान्वयन भए नेपालमा सञ्चित कार्बनलाई अन्तर्राष्ट्रिय बजारमा व्यापार गर्ने अवसर सुनिश्चित हुन सक्छ,' उनले भने ।

नेपालका प्राथमिकताहरू र प्रमुख मागहरू

नेपालले तयार गरेको स्थितिपत्रअनुसार पेरिस सम्झौताको धारा ६ लाई पूरक वित्तको रूपमा मान्यता दिनुपर्ने विषय उठाइने छ । 'यो विकसित देशहरूको जलवायु-वित्त प्रतिबद्धताको अतिरिक्त हुनुपर्छ, त्यसको विकल्प कदापि हुन सक्दैन,' स्थितिपत्रमा उल्लेख छ, 'स्वीडेन र कोरिया गणतन्त्रसँगको सहकार्यलाई आधार मान्दै अन्य पक्षहरूसँग पनि सहकारी दृष्टिकोण निष्कर्षमा पुऱ्याउन नेपाललाई सहयोग गर्ने गरी धारा ६.२ अन्तर्गतको साझेदारी विस्तार गर्नुपर्छ ।'

कार्बन व्यापारको सम्झौताबाट कारोबारतर्फ अघि बढ्ने विषय स्थितिपत्रमा उल्लेख छ । प्रारम्भिक प्राविधिक सहायता र आयोजना तयारीका लागि वित्त प्रदान गर्नुपर्ने नेपालको माग छ । त्यस व्यवस्थाले आयोजना, लगानी, स्वीकृति र हस्तान्तरणको प्रतिफल दिन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी, पूर्वानुमानयोग्य माग सिर्जना गर्ने गरी खरिदकर्ता पक्षलाई अतिकम विकसित देशबाट सञ्चिति हुने कार्बन खरिद गर्ने प्रतिबद्धता गरी प्रोत्साहन गर्नुपर्ने विषयमा पनि नेपालले आफ्नो धारणा राख्ने तयारी गरेको छ । महाशाखाअन्तर्गत जलवायु परिवर्तन तथा उत्थानशील शाखा प्रमुख डा. प्रकाशसिंह थापाले नेपालले तयार गरेको स्थितिपत्रमा कार्बन कारोबारको लागत घटाउन विशेष जोड दिइएको जानकारी दिए ।

'अतिकम विकसित देश तथा समुदायमा आधारित साना-ठूला कार्बन न्यूनीकरणका आयोजनाका लागि प्रक्रिया सरल बनाउने, लागतअनुसारको व्यवस्था गर्ने र एउटै मापदण्डमा आधारित आधाररेखा तयार गर्ने प्रस्ताव गरिएको छ,' उनले भने, 'त्यस्तै, कार्बन परियोजनाको प्रमाणीकरण र पुष्टि गर्ने क्षमता देशभित्रै विकास गरी आवश्यक दक्ष जनशक्ति तथा संस्थाको व्यवस्था गर्ने प्रस्ताव पनि स्थितिपत्रमा समेटिएको छ । त्यसबाट कार्बन कारोबारमा लाग्ने खर्च र प्रक्रियामा हुने ढिलाइ कम हुने अपेक्षा गरिएको छ ।'

नेपालले तयार गरेको स्थितिपत्रमा राष्ट्रिय कार्बन रजिस्ट्रीको विकास र सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने विषय पनि समेटिएको छ । कार्बन कारोबारसम्बन्धी अभिलेख सुरक्षित राख्न साइबर सुरक्षा, विभिन्न देशका प्रणालीबीच तथ्यांक आदानप्रदान र दीर्घकालीन सञ्चालनका लागि सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ ।

त्यस्तै, पेरिस सम्झौताको धारा ६ अन्तर्गत हुने सहकार्यबाट कार्बन बिक्रीको आम्दानीमात्र नभई नयाँ प्रविधि भित्र्याउने, जनशक्तिको क्षमता बढाउने र दिगो विकासमा योगदान पुऱ्याउने लाभसमेत सुनिश्चित हुनुपर्ने नेपालको प्रस्ताव छ । सम्झौताको धारा ६.८ अन्तर्गत बजारमा आधारित कारोबारसँगै गैरबजारमुखी सहकार्यलाई पनि प्राथमिकता दिइनुपर्ने तथा क्षेत्रीय सहकार्य विस्तार गर्नुपर्नेमा नेपालले जोड दिएको छ ।

यसैगरी, अतिकम विकसित मुलुकबाट उत्पादन हुने उच्च गुणस्तरका कार्बन क्रेडिट खरिद गर्न विकसित तथा खरिदकर्ता देशले प्रतिबद्धता जनाउनुपर्ने नेपालको धारणा छ । यस्तो प्रतिबद्धताले नेपालमा कार्बन परियोजनामा लगानी आकर्षित गर्ने तथा उत्पादित कार्बन क्रेडिटको बजार सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रेडविज्ञ डा. शम्भू दंगालले पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि कोप-३१ ले दबाब सिर्जना गर्न सके नेपालले सञ्चिति गरेको कार्बनको अन्तर्राष्ट्रिय बजार सुनिश्चित हुने बताए । 'अहिले कार्बन व्यापारका लागि स्वेच्छिक बजार (भोलेन्टरी मार्केट) मात्रै छ । अन्तर्राष्ट्रिय बजार सुनिश्चित हुन सके कार्बन क्रेडिट प्रतिस्पर्धात्मक प्रक्रियाबाट बिक्री गर्न सकिने छ,' उनले भने, 'त्यसका लागि नेपालले कार्बन व्यापारसम्बन्धी आवश्यक प्राविधिक तथा संस्थागत तयारी गर्न अन्तर्राष्ट्रिय आर्थिक र प्राविधिक सहयोगसमेत जुटाउनुपर्छ ।'

नेपाल अतिकम विकसित देश हुनुका नाताले कार्बन कम उत्सर्जनकर्ता र जलवायु परिवर्तनबाट हुने असरका हिसाबले उच्च जोखिममा छ । नेपालको पहिलो द्विवार्षिक पारदर्शिता प्रतिवेदन (सन् २०२५) अनुसार सन् २०२२ मा नेपालबाट कुल पाँच करोड ८२ लाख ३३ हजार मेट्रिक टन कार्बनडाइअक्साइड बराबरका हरितगृह ग्यास उत्सर्जन भएको थियो । वन तथा भू-उपयोग क्षेत्रले वायुमण्डलबाट करिब दुई करोड मेट्रिक टन कार्बनडाइअक्साइड सोसेर उत्सर्जन न्यूनीकरणमा योगदान पुऱ्याएको थियो । त्यसरी कार्बन सोस्न दिएको योगदानसमेत हिसाबले नेपालको खुद हरितगृह ग्यास उत्सर्जन तीन करोड ८२ लाख १२ हजार मेट्रिक टन कार्बनडाइअक्साइड बराबर रहेको प्रतिवेदनले देखाएको छ । क्षेत्रगत रूपमा ऊर्जा क्षेत्र हरितगृह ग्यास उत्सर्जनको सबैभन्दा ठूलो स्रोत रहेको छ, जहाँबाट दुई करोड ५० लाख १४ हजार मेट्रिक टन कार्बनडाइअक्साइड बराबर उत्सर्जन भएको थियो । त्यस्तै कृषि क्षेत्रबाट दुई करोड ३५ लाख ९४ हजार मेट्रिक टन कार्बनडाइअक्साइड बराबरको हरित ग्यास उत्सर्जन भएको प्रतिवेदनमा उल्लेख छ ।

कार्बन व्यापारका लागि हालसम्मको प्रगति

कार्बन व्यवस्थापन तथा रेड फरेस्ट्री केन्द्रका प्रमुख धिरेन्द्रकुमार प्रधानले अन्तर ष्ट्रिय तथा स्वेच्छिक कार्बन बजारमा पहुँचः पेरिस सम्झौता (विशेषगरी धारा ६) र अन्य अन्तर्राष्ट्रिय संयन्त्रअन्तर्गत नेपाल सरकार, प्रदेश, स्थानीय तह तथा निजी क्षेत्रलाई राष्ट्रिय तथा स्वेच्छिक कार्बन बजारमा व्यापार गर्न कानुनी आधार प्रदान गर्ने उद्देश्यले कार्बन व्यापार नियमावली, २०८२ बनेको जानकारी दिएका छन् ।

उनले भने, 'राष्ट्रिय कार्बन रजिस्ट्रीले युनिटहरूको दर्ता, अनुमति जारी, हस्तान्तरण र ट्र्याकिङ गर्ने आधार प्रदान गर्छ । नेपालको आफ्नै कार्बन रजिस्ट्री छ । कम्पनीहरूले अनलाइन प्रणालीमार्फत आफ्नो आवेदन र सबै अभिलेख दर्ता गर्न सक्दछन् ।'

प्रमुख प्रधानका अनुसार, 'पेरिस सम्झौताको धारा ६.४ अन्तर्गत संयन्त्रमा सहभागिताका लागि राष्ट्रिय व्यवस्थाअन्तर्गत विधि, आधार रेखा, कुनै पनि आयोजना वा कार्यक्रमले वातावरणबाट कति कार्बन उत्सर्जन घटायो वा कार्बन सञ्चित गर्यो भन्ने कुराको वैज्ञानिक र पारदर्शी मूल्यांकन गर्ने प्रक्रिया (एमआरभी), स्वीकृति र रजिस्ट्री लिंकेजसम्बन्धी निरन्तर कार्यहरूसहित राष्ट्रिय व्यवस्था कायम गरिएका छन् ।'

केन्द्रका अनुसार नवीकरणीय ऊर्जा, विद्युतीय यातायात, ऊर्जा दक्षता, स्वच्छ खाना पकाउने प्रविधि, फोहरमैला व्यवस्थापन, कृषि तथा पशुपालन, उद्योग, दिगो वन व्यवस्थापन र रेड-प्लस तथा पारिस्थितिक प्रणाली पुनरुत्थान क्षेत्रहरूमा आयोजना विकासका क्रममा छन् । नेपालको स्थितिपत्रले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय वार्तामा नेपालको विगतदेखिको धारणा, प्रतिबद्धता र अनुभवलाई आधार मानेर कोप-३१ मा उठाउनुपर्ने प्राथमिकता र विषय प्रस्तुत गरेको छ ।

के हो कार्बन व्यापार ?

वायुमण्डलमा कार्बनडाइअक्साइडलगायत हरितगृह ग्यासको मात्रा बढ्दै जाँदा विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तनको समस्या तीव्र बन्दै गएको छ । यसलाई न्यूनीकरण गर्न वन तथा अन्य प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन महत्त्वपूर्ण मानिन्छ ।

वनजंगलले वायुमण्डलमा रहेको कार्बनडाइअक्साइड सोसेर रुख, बिरुवा, माटो तथा अन्य जैविक पदार्थमा कार्बन सञ्चिति गर्छ । यसले वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढ्न नदिई जलवायु परिवर्तन न्यूनीकरणमा योगदान पुऱ्याउँछ । तर वन विनाश र वन क्षयीकरण हुँदा वनमा सञ्चित कार्बन पुनः वायुमण्डलमा उत्सर्जन हुन्छ, जसले जलवायु परिवर्तनको जोखिम थप बढाउँछ । यही पृष्ठभूमिमा रही वन विनाश तथा वन क्षयीकरण रोक्ने, वनको संरक्षण र दिगो व्यवस्थापन गर्ने, वृक्षरोपण गर्ने तथा वनको कार्बन सञ्चिति बढाउने कार्यलाई प्रोत्साहन गर्न नेपालले पनि रेड प्लस कार्यक्रम अघि सारेको हो । त्यस्ता कार्यबाट प्राप्त उत्सर्जन न्यूनीकरण वा कार्बन सञ्चितिमा भएको वृद्धिको मापन, प्रमाणीकरण र प्रतिवेदनका आधारमा सम्बन्धित देशले अन्तर्राष्ट्रिय वित्तीय सहयोग वा कार्बन भुक्तानी प्राप्त गर्न सक्छन् ।

वन संरक्षण र व्यवस्थापनबाट प्राप्त कार्बन उत्सर्जन न्यूनीकरणको नतिजालाई आर्थिक मूल्यसँग जोडेर भुक्तानी लिने प्रक्रियालाई सामान्यतया वन कार्बन व्यापार भनिने गरिएको छ । त्यसले वन संरक्षणलाई वातावरणीय दायित्वसँगै आर्थिक अवसरका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ । कार्बन खरिद-बिक्रीका मुख्य दुई प्रकारका बजार रहेका छन । पहिलो सरकारले निर्धारण गरेका उत्सर्जन सीमा वा अन्तर्राष्ट्रिय सम्झौताअन्तर्गत सञ्चालन हुने बाध्यकारी बजार हो भने दोस्रो स्वेच्छाले कार्बन क्रेडिट खरिद-बिक्री गरिने ऐच्छिक बजार छ । रेड प्लसअन्तर्गत भने कार्बन क्रेता र विक्रेताबीच प्रत्यक्ष द्विपक्षीय कारोबार मात्र नभई अन्तर ष्ट्रिय कोष तथा संस्थामार्फत नतिजामा आधारित भुक्तानी गर्ने अभ्यास पनि प्रचलित छ । *रासस*

नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक सम्पन्न

काठमाडौं (प्रस)– नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक आपसी हितका विविध विषयमा छलफल गर्दै सम्पन्न भएको छ । परराष्ट्रसचिव अमृतबहादुर राई र भारतका विदेशसचिव विक्रम मिश्रीबीच प्रतिनिधिमण्डलस्तरीय बैठक बुधबार काठमाडौंमा भएको हो । बैठकमा नेपाल र भारतबीचको घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ र फलदायी बनाउने विभिन्न विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

बैठकमा आगामी उच्चस्तरीय भ्रमणको तयारी, हवाई, रेल, सडक तथा पुललगायतका पूर्वाधारमार्फत सम्पर्क सञ्जाल विस्तार र सुदृढीकरण तथा द्विपक्षीय व्यापार प्रवर्द्धन तथा सहजीकरणका विषयमा छलफल भएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।

यसैगरी बैठकमा विकास सहकार्यलाई थप प्रभावकारिता बनाउने, ऊर्जा क्षेत्रमा विद्यमान सहकार्यलाई थप विस्तार र सुदृढीकरण र दुई देशका जनताबीचको सम्बन्ध र आपसी सम्पर्कलाई थप प्रगाढ बनाउने विषयमा छलफल भएको उनले बताए । यसबाहेक बैठकमा नेपाल-भारत सम्बन्धका समग्र आयामहरूमा समेत छलफल भएको थियो ।

परराष्ट्रसचिव राईको मैत्रीपूर्ण निमन्त्रणामा विदेशसचिव मिश्री नेपालको औपचारिक दुई दिने भ्रमणका लागि बुधबार काठमाडौं आइपुगेका हुन् । भ्रमणका क्रममा विदेशसचिव मिश्रीले बुधबार नै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र पूर्वाधारमन्त्री सुनिल लम्सालसँग छुट्टाछुट्टै शिष्टाचार भेट गरेका थिए । विदेशसचिव मिश्रीले आज बिहान प्रधानमन्त्री वालेन्द्र शाहसँग शिष्टाचार भेट गर्ने बताइएको छ । विदेशसचिव मिश्री नेपाल भ्रमण सम्पन्न गरी आज नयाँदिल्ली फिर्ता हुने कार्यक्रम रहेको छ ।

युएइमा रोजगार कम्पनी : STRONG WALLS CONSTRUCTIONS LLC

पूर्व स्वीकृति मिति : २०८३/०४/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 345515 चलानी नं. ६०२५८७८१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Electrician	10	0	1500	६१,६१९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Brick Mason	20	0	1500	६१,६१९							
3.	Iron Smith (Steel Fixer)	35	0	1500	६१,६१९							
4.	Stone Mason	25	0	1500	६१,६१९							

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

कुवेतमा रोजगार कम्पनी : ARABI ENERTECH K.S.C शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८३/०७/१८ चलानी नं.: ६०२६३०४१ LT.No.: 349965

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	RIGGERS	55	0	सम्बन्धित काममा दक्ष	130	६३,८४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन्	छ	२ वर्ष
2.	LIGHT LABOUR	50	0		100	४९,११२							
3.	Fitter General	50	0		130	६३,८४५							
4.	Mechanical Maintenance Supervisor	10	0		320	१५७,१५८							
5.	RIGGER SUPERVISOR	15	0		295	१४४,८८०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कात्तिक २६ गते (12 Nov., 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २३०८ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निः शुल्क

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DIBYARATNA CONSULTANT PVT.LTD
Battisputali, Kathmandu | Phone:+977 1 4531019/97 1 2605064
Email: info@dibyaratna.com, Website: www.divyahr.com
Gov. Lic No. 1819/082/083

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल कार्तिक महिना १९ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय कटारीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाका तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) कर्जा शीर्षक : घरघडेरी कर्जा

ऋणीको विवरण

ऐत नारायण श्रेष्ठको नाति मनि नारायण श्रेष्ठको छोरा उदयपुर जिल्ला मयाँखु गा.वि.स. वडा नं. ३ हाल, कटारी न.पा. वडा नं. १३ बस्ने **नेत्र बहादुर श्रेष्ठ** (ना.प्र.नं. : १४३०४४/२९७ जारी मिति र जिल्ला : २०६३/१०/११, उदयपुर)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) उद्धब नारायण श्रेष्ठको छोरी मनि नारायण श्रेष्ठको बुहारी नेत्र बहादुर श्रेष्ठको पत्नी उदयपुर जिल्ला मयाँखु वडा नं. ३ हाल, कटारी न.पा. वडा नं. १३ बस्ने **शिवकुमारी श्रेष्ठ** (ना.प्र.नं. : १४३०४४/३१ जारी मिति र जिल्ला : २०६३/१०/०८, उदयपुर)

२) प्रशुराम श्रेष्ठको छोरी मनि नारायण श्रेष्ठको बुहारी नेत्र बहादुर श्रेष्ठको पत्नी उदयपुर जिल्ला मयाँखु वडा नं. ३ हाल, कटारी न.पा. वडा नं. १३ बस्ने **विष्णु माया श्रेष्ठ** (ना.प्र.नं. : १४३०४४/१५८ जारी मिति र जिल्ला : २०६३/१०/१०, उदयपुर)

३) खड्क नारायण श्रेष्ठको नाति कवि नारायण श्रेष्ठको छोरा उदयपुर जिल्ला लेखगाँउ वडा नं. ३ हाल, कटारी न.पा. वडा नं. ४ बस्ने **बुद्ध नारायण श्रेष्ठ** (ना.प्र.नं. : १३७६७/११८१ जारी मिति र जिल्ला : २०४२/०९/०४, उदयपुर)

२) कर्जा शीर्षक : घरघडेरी कर्जा

ऋणीको विवरण

दैब केशर कार्कीको बुहारी नविन कुमार कार्कीको पत्नी सिन्धुली जिल्ला लाम्पाटार वडा नं. १ हाल, उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **जानुका माया बस्नेत** (ना.प्र.नं : २०४५६६/३५६७ जारी मिति र जिल्ला : २०४४/१२/२८, सिन्धुली)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कर्ण बहादुर कार्कीको नाति दैब केशर कार्कीको छोरा उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **नविन कुमार कार्की** (ना.प्र.नं : ४४५०/१०४०२ जारी मिति र जिल्ला : २०४४/०५/०७, उदयपुर)

२) तचुरमान राईको नाती हर्क बहादुर राईको छोरा खोटाङ्ग जिल्ला महेश्वरी गा.वि.स वडा नं. ४, हाल उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **धन बहादुर राई** (ना.प्र.नं : १०७६-२४० जारी मिति र जिल्ला २०६९-०९-०१, खोटाङ्ग)

३) दैब केशर कार्कीको नाति नविन कुमार कार्कीको छोरा सिन्धुली जिल्ला लदाभिर वडा नं. ९ हाल, उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **रामकृष्ण कार्की** (ना.प्र.नं : २०१०४४/५२८ जारी मिति र जिल्ला : २०६९/०५/२०, सिन्धुली)

३) कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

कर्ण बहादुर कार्कीको नाति दैब केशर कार्कीको छोरा उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **नविन कुमार कार्की** (ना.प्र.नं : ४४५०/१०४०२ जारी मिति र जिल्ला : २०४४/०५/०७, उदयपुर)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) दैब केशर कार्कीको बुहारी नविन कुमार कार्कीको पत्नी सिन्धुली जिल्ला लाम्पानटार वडा नं. १ हाल, उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **जानुका माया बस्नेत** (ना.प्र.नं : २०४५६६/३५६७ जारी मिति र जिल्ला : २०४४/१२/२८, सिन्धुली)

२) दैब केशर कार्कीको नातिनी नबिन कुमार कार्कीको छोरी रौतहट जिल्ला बिश्रामपुर गा.वि.स. वडा नं. ९ हाल, उदयपुर जिल्ला कटारी न.पा. वडा नं. २ बस्ने **रन्जना कार्की** (ना.प्र.नं : ३२२०९७-३३२७ जारी मिति र जिल्ला : २०७०/०१/३०, रौतहट)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

त्रिभुवन विश्वविद्यालयको ७०५ रोपनी जग्गा फिर्ता

काठमाडौं (प्रस)– त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले काठमाडौं उपत्यकाभित्र आफ्ना नाममा रहेका तर लामो समयदेखि विभिन्न निकाय, संघसंस्था तथा व्यक्तिले ओगटेको ७०५ रोपनी जग्गा फिर्ता ल्याएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय र त्रिविको सक्रियतापछि वर्षौंदेखि सम्झौताविपरीत प्रयोग भइरहेका, म्याद सकिएका र विनास्वीकृति अतिक्रमण गरिएका विश्वविद्यालयका जग्गा फिर्ता ल्याइएको मन्त्री सस्मित पोखरेलले जानकारी दिए । त्रिवि जग्गा खोजबिन समितिको प्रतिवेदन र आन्तरिक अभिलेखलाई मुख्य आधार बनाएर सञ्चालन गरिएको जग्गा फिर्ती अभियानका क्रममा काठमाडौं उपत्यकाभित्र कब्जा गरी राखिएको जग्गाको लगत संकलन गरिएको थियो । ३५ दिने समयसीमाभित्र अनधिकृतरूपमा सञ्चालनमा रहेका संरचना खाली गराउने र सम्झौता नवीकरण नभएका क्षेत्रहरूलाई विश्वविद्यालयको प्रत्यक्ष स्वामित्वमा ल्याउने काम तीव्रताका साथ अगाडि बढाइएको थियो ।

मन्त्रालयको अग्रसरता र त्रिवि प्रशासनको सक्रियताका कारण छ महिनाको छोटो अवधिमा ७०५ रोपनीभन्दा बढी जग्गा फिर्ता ल्याइएको हो । मन्त्री पोखरेलका अनुसार फिर्ता ल्याइएको जग्गालाई विश्वविद्यालयको गुरुयोजनाअनुसार अत्याधुनिक प्रयोगशाला, अनुसन्धान केन्द्र, केन्द्रीय पुस्तकालय र शैक्षिक पूर्वाधार निर्माणमा उपयोग गर्ने तयारी त्रिविले गरेको छ ।

यसबाहेक फिर्ता आउन बाँकी रहेको जग्गाका लागि पनि काम भइरहेको मन्त्री पोखरेलले बताएका छन् । 'हामी सरकारमा आएपछि हडपिएका जग्गा फिर्ताको काममा सक्रियताका साथ लागेका थियौं । आजसम्म काठमाडौं उपत्यकाभित्र मात्र त्रिविको ७०५ रोपनी जग्गा फिर्ता भएको छ । उपत्यकाबाहिरको हकमा पनि काम भइरहेको छ,' मन्त्री पोखरेलले बुधबार भने, 'अब ती फिर्ता भएका जग्गाका हकमा अन्य शैक्षिक गतिविधि र त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्छौं ।'

प्रभाव दैनिक
National Daily

सम्पादकीय

प्रहरी प्रमुख बर्खास्ती: स्वेच्छाचारिताको पुनरावृत्ति

मुलुकको सुशासन, कानुनी शासन र सुरक्षा निकायको व्यावसायिकतामाथि शासकले कसरी कुठाराघात गर्छ भन्ने कुराको पछिल्लो कडी हो– नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको बर्खास्ती। विनाकुनै स्पष्टीकरण बुधबार आकस्मिकरूपमा मन्त्रिपरिषद्को बैठक राखेर सरकारले कार्कीलाई हटाएको हो। 'नयाँ' र 'वैकल्पिक' राजनीतिको नारा दिएर सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले गरेको यो निर्णयले मुलुकको लोकतान्त्रिक मूल्य–मान्यता र संस्थागत स्थायित्वमाथि ठूलो प्रश्न खडा गरेको छ।

२०५३ सालमा तत्कालीन गृहमन्त्री वामदेव गौतमले बहालवाला प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई यसैगरी हटाएका थिए। कुनै गम्भीर छानबिन वा कानुनी प्रक्रियाविना व्यावसायिक संगठन प्रमुखलाई राजनीतिक स्वार्थका आधारमा पाखा लगाउने त्यो कदमले नेपाल प्रहरीको 'चेन अफ कमाण्ड' र मनोबलमा ठूलो धक्का पुगेको थियो। सर्वोच्च अदालतले पछि उक्त निर्णयलाई गैरकानुनी ठहर गर्दै खरेललाई पुनर्बहाली त गऱ्यो, तर राजनीतिले सुरक्षा निकायलाई गिजोल्ने जुन गलत नजिर बसायो, त्यसको मूल्य मुलुकले वर्षौंसम्म चुकाउनुपऱ्यो।

विडम्बना ! तीन दशकअघिको सोही स्वेच्छाचारी र तानाशाही प्रवृत्तिको पुनरावृत्ति 'सुशासन' र 'परिवर्तन' को दुहाइ दिने सरकारबाट भएको छ। कुनै औपचारिक स्पष्टीकरण नसोधी, स्पष्ट अभियोग वा छानबिन प्रक्रिया पूरा नगरी, केवल शक्ति र सत्ताको उन्मादमा बहालवाला आइजिपी कार्कीलाई हटाउने कदमले फेरि प्रहरी संगठनलाई गिजोलेको छ । विधि र प्रक्रियाको वकालत गर्दै उदाएको दलले सत्ताको बलमा राज्यका स्थायी संयन्त्रलाई आफ्नो गोजीको संस्था बनाउन खोज्नुभन्दा ठूलो राजनीतिक कपट अर्को हुन सक्दैन।

यस घटनाको अर्को चिन्ताजनक पाटो भनेको दोहोरो मापदण्ड हो। एकातिर आफ्ना दलका सांसद खगेन्द्र सुनारमाथि लागेका गम्भीर आरोप र विवादास्पद प्रसंगमा मौनता साँध्ने, अर्कातिर व्यावसायिक निष्ठाका साथ जिम्मेवारी सम्हालिरहेका प्रहरी प्रमुखलाई प्रशासनिक डण्डा चलाएर विनाप्रक्रिया बर्खास्ती गर्ने। आफ्नालाई संरक्षण र अरूलाई विभेद गर्ने यो नीति लोकतान्त्रिक शासन प्रणाली नभई विशुद्ध तानाशाही शैली हो।

नेपाल प्रहरीजस्तो संवेदनशील र व्यावसायिक सुरक्षा निकायलाई राजनीतिक भागबण्डा र प्रतिशोधको अखडा बनाइनु विधिको शासनको खिल्ली उडाउनु हो। जब-जब राजनीतिले प्रहरी संगठनभित्र यसरी हस्तक्षेप गर्छ, तब-तब शान्ति सुरक्षा कायम गर्ने राज्यको क्षमता कमजोर बन्दछ।

सरकारको यो कदम केवल एउटा व्यक्ति वा प्रहरी प्रमुखलाई हटाउने विषयमात्र होइन, यो समग्र प्रशासनिक सुधार, विधिको शासन र संवैधानिक मर्यादामाथिको नांगो प्रहार हो। शक्ति र सत्ताको उन्मादमा गरिएका यस्ता स्वेच्छाचारी निर्णयहरूलाई न्यायपालिका र नागरिक समाजले समयमै खबरदारी गर्नुपर्छ। नभए मुलुक पुनः प्रशासनिक अराजकता र तानाशाहीको भुमरीमा फस्ने निश्चित छ।

श्रम सरोकार

विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ।

वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने।

नेपालमा एलपी ग्यास अभावको कारण र दीर्घकालीन समाधान



■ प्रदीपकुमार यादव

> नेपाल आयल निगम र इण्डियन आयल कर्पोरेसनबीच सरकार-सरकार सहकार्यमा परियोजना निर्माण गर्न सकिन्छ । त्यस्तै, निजी क्षेत्रको लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालनपछि सरकारलाई हस्तान्तरण गर्ने बिल्ड-अपरेट-ट्रान्सफर (बुट) मोडेल वा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेल पनि अपनाउन सकिन्छ । यी विकल्पमार्फत आवश्यक लगानी जुटाएर परियोजना निर्माणलाई गति दिनुपर्छ ।

खाना पकाउने एलपी ग्यास ज्वलनशील हाइड्रोकार्बनको मिश्रण हो । यो ग्यासको रूपमा रङहीन हुन्छ। सिलिण्डरहरूमा तरल पदार्थका रूपमा भण्डारण गरिन्छ । एलपी ग्यास प्रोपेन (६० प्रतिशत) र ब्युटेन (४० प्रतिशत) को मिश्रणका रूपमा रहेको हुन्छ । यसले कम हरितगृह ग्यास उत्सर्जन गर्दछ। एक अध्ययनअनुसार खाना पकाउने परम्परागत ऊर्जाबाट एलपी ग्यासमा सिफ्ट हुँदा एक घरपरिवारको वार्षिक कार्बन फुटप्रिन्ट दुई टनसम्म घटाउन सकिन्छ। प्राकृतिक ग्यासको पहिलो खोज इरानमा भएको थियो। धेरै प्रारम्भिक लेखहरूले मध्यपूर्व विशेषगरी अहिले अजरबैजान भनेर चिनिने बाकु क्षेत्रमा प्राकृतिक पेट्रोलियम चुहावटको वर्णन गरेका छन् । २०२३ मा २०.२ अर्ब डलरको कूल आयात मूल्यको साथ चीन विश्वको सबैभन्दा ठूलो एलपिजी आयातकर्ताको रूपमा अग्रणी छ । द्रूत गतिमा बढ्दो चीनको अर्थतन्त्र र विस्तारित औद्योगिक क्षेत्रले गर्दा ग्यासको आयात बढेको हो ।

नेपालमा अधिकांश भान्सामा अहिले एलपी ग्यास पुगेको छ । नेपाल आयल निगमको समन्वयमा इण्डियन आयल कर्पोरेसन (आइओसी) का विभिन्न डिपोबाट एलपी ग्यास आयात गरी नेपाली उद्योगीले उपभोक्ताको भान्सामा ग्यास पुऱ्याउँदै आएका छन् । अहिले नेपालमा ५८ वटा ग्यास उद्योग रहेका छन् । एलपी ग्यासको आयातमा नेपाल पूर्णतः भारतमा निर्भर छ। भारतले करिब २० प्रतिशत एलपी ग्यास आफ्नै खानीबाट उत्पादन गर्छ भने बाँकी ८० प्रतिशत आयात गर्दै आएको छ ।

एलपी ग्यासको आपूर्ति र भण्डारणलाई व्यवस्थित बनाउन भारतले ठूलो लगानी गरेको छ। एलपी ग्यासको आपूर्ति सहज बनाउन आइओसीलेमात्रै करिब १८ हजार किलोमिटर एलपी ग्यास पाइपलाइन सञ्जाल निर्माण गरेको छ । नेपालले भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म ६९ किलोमिटर लामो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्दै आइरहेको छ । २०७६ सालदेखि सञ्चालनमा आएको सो पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टितेल आयात हुँदै आइरहेको छ । अहिले सोही पाइपलाइनलाई विस्तार गरी चितवनको लोथरसम्म लैजाने काम अघि बढिरहेको छ ।

नेपालमा पटक-पटक खाना पकाउने एलपी ग्यासको अभाव हुँदै आएको छ । एक सिलिण्डर ग्यासका लागि उपभोक्ताले सास्ती खेप्दै आएका छन् । बेलाबेलामा नेपालमा ग्यासको अभाव हुनुमा भण्डारण गृह र आपूर्ति प्रणाली व्यवस्थित नहुनाले हो। देशका विभिन्न भागमा डिलेज, पेट्रोल र मट्टितेलको भण्डारण गृह निर्माण भएका छन् । नेपाल सरकारको नीतिअनुसार कम्तीमा तीन महिनाको माग धान्ने गरी भण्डारण गृह विस्तार हने क्रममा पनि रहेका छन् तर ऊर्जा सुरक्षाको प्रमुख अवयवका रूपमा रहेको खाना पकाउने एलपी ग्यासको अहिलेसम्म भण्डारण गृह निर्माण हुन सकेको छैन । सम्बन्धित उद्योगीका साना भण्डारण केन्द्रले अभावका बेला माग धान्न सकेका छैनन् ।

ग्यास अभावको दीर्घकालीन समाधान खोज्ने उद्देश्यले नेपाल आयल निगमले सर्लाहीमा कम्तीमा एक महिनाको माग धान्ने ग्यास भण्डारण गृह निर्माण गर्ने योजना अघि बढाएको छ । नेपालमा जलविद्युत्को प्रचूर सम्भावना भए पनि अहिल्यै हामी त्यसको पूर्णउपयोग गर्ने अवस्थामा छैनौं । विद्युत् आपूर्तिको विद्यमान अवस्था तथा उपभोक्ताको सहजतालगायत कारण आमनागरिक एलपी ग्यासतर्फ नै पूर्णनिर्भर रहिरहेको अवस्था छ। अहिले नेपालमा मासिक करिब ५० हजार मेट्रिकटन ग्यासको खपत हुँदै आइरहेको छ । जाडो महिनामा ग्यासको खपत केही बढेको देखिन्छ । तर हामीसँग अहिले ग्यासको भण्डारण छैन । कम्तीमा एक महिनाको माग धान्ने गरी भण्डारण निर्माण गर्न सकिएको अवस्थामा ग्यास अभाव हुने समस्या समाधान गर्न सकिन्छ। ग्यासको आयातमा नेपालले वार्षिक करिब छ अर्ब रूपैयाँ ढुवानी भाडा तिर्दै आएको छ ।

ग्यास ढुवानीमा भारतीय बुलेटको प्रयोग हुँदै आएको छ। हाल नेपालमा ग्यास ढुवानी गर्न छ सयदेखि ७०० को संख्यामा भारतीय बुलेट प्रयोग भइरहेका छन्। वर्सेनि ढुवानीबापतको ठूलो रकम मुलुकबाट बाहिरिँदै आएको छ। मोतिहारीदेखि सर्लाहीसम्म एलपी ग्यास पाइपलाइन र कम्तीमा ५० हजार मेट्रिकटन क्षमताको भण्डारण निर्माण गरिएको खण्डमा ग्यास अभावको दीर्घकालीन समाधान र ढुवानी भाडाबापतको विदेसिने रकम रोक्न सकिन्छ। नेपाली ग्यास बुलेटको पूर्णसञ्चालन र स्वदेशी रोजगारी सिर्जनासमेत हुन जान्छ । यो परियोजना मुलुकको ऊर्जा सुरक्षामा नयाँ आयाम बन्नसक्छ ।

डिजेल, पेट्रोल र मट्टितेलका लागि कम्तीमा तीन महिनाको माग धान्ने गरी भण्डारण क्षमता विस्तार भइरहे पनि ऊर्जा सुरक्षाको प्रमुख अंग मानिने एलपी ग्यासको सरकारीस्तरमा आफ्नै कुनै भण्डारण गृह छैन । निजी उद्योगीका साना भण्डारणले संकटका बेला माग धान्न सक्दैनन् । निगमको भूमिका ग्यासमा समन्वयकारीमात्र छ । डिपो, भण्डारण र बिक्री सबै निजी क्षेत्रको हातमा हुँदा यो समस्या दोहोरिइरहेको छ । सर्लाहीमा ग्यास भण्डारण निर्माण गर्नका लागि निगमले करिब १६ बिघा जग्गा व्यवस्थापन गरिसकेको छ । प्रारम्भिक अनुमानअनुसार मोतिहारीदेखि सर्लाहीसम्मको दूरी करिब १३० किलोमिटर रहेको छ । उक्त स्थानमा करिब २६-२६ अर्बको लागतमा ५० हजार मेट्रिक टनको भण्डारण र पाइपलाइन निर्माण गर्न सकिन्छ। त्यो भनेको लगभग अहिलेकै हिसाबले चार वर्षको ढुवानी भाडा हो ।

नेपालबाट सबैभन्दा नजिकको एलपिजीको रिफाइनरी भनेको भारतको बरौनी हो । यो नेपाल-भारत सीमाबाट करिब ३०० किलोमिटर टाढा छ । बरौनीमा पनि उत्पादन कम भएको अवस्थामा दुर्गापुर र पारादीप पुगेर बुलेटमा ग्यास लोड गरेर ल्याउनुपर्छ। जुन सीमाबाट हजारौं किलोमिटर टाढा पर्न जान्छ। ती स्थानबाट बुलेट आउन कम्तीमा १० दिन लाग्छ। पेट्रोलियम पदार्थका रिफाइनरी अत्यन्त संवेदनशील हुन्छन् । नयाँ प्रविधिमा 'अपग्रेड'सँगै नियमित मर्मतसम्भार गरिराख्नुपर्ने हुन्छ । एउटा रिफाइनरी मर्मतमा जानेबित्तिकै नेपालले अर्को रिफाइनरी पुगेर ग्यास भर्नुपर्ने हुन्छ । यसकारण समयमै ग्यासको आपूर्ति नहुनसक्छ, ढुवानी लागत चर्को पर्न सक्छ । यी सबै समस्याका एउटै मात्र समाधान भनेको एलपी ग्यास पाइपलाइन निर्माण र कम्तीमा एक महिनाको माग धान्ने भण्डारण निर्माण गर्नु हो ।

एलपी ग्यास भण्डारण निर्माण गर्ने जग्गाको टोपोग्राफिकल सर्भेको काम भइरहेको छ । अबको करिब दुई वर्षमा भण्डारण गृह निर्माण गर्न सकिन्छ। इण्डियन आयल कर्पोरेसनले सो परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेर निगमलाई हस्तान्तरण गरिसकेको छ। पाइपलाइन र भण्डारण गृह निर्माणका लागि निगमले एउटै लगानी मोडेलमा निर्भर हुनु पर्दैन । परियोजना निर्माणको लगानी जुटाउन विभिन्न मोडल उपयुक्त हुन सक्छ।

नेपाल आयल निगम र इण्डियन आयल कर्पोरेसनबीच सरकार-सरकार सहकार्यमा परियोजना निर्माण गर्न सकिन्छ। त्यस्तै, निजी क्षेत्रको लगानीमा निर्माण गरी निश्चित अवधिसम्म सञ्चालनपछि सरकारलाई हस्तान्तरण गर्ने बिल्ड-अपरेट-ट्रान्सफर (बुट) मोडेल वा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेल पनि अपनाउन सकिन्छ । यी विकल्पमार्फत आवश्यक लगानी जुटाएर परियोजना निर्माणलाई गति दिनुपर्छ ।

अब बन्ने परियोजनामा करिब एक महिनाको माग धान्ने ५० हजार टन क्षमताको एलपी ग्यास भण्डारण गृह निर्माण, दैनिक कम्तीमा २५ हजार सिलिण्डर भर्न सक्ने क्षमताको बोटलिङ प्लान्ट स्थापना र कम्तीमा दैनिक १०० वटा ग्यास बुलेट लोड गर्न मिल्ने टचांकर लरी फिलिङ सेट निर्माण गर्नुपर्छ। जबसम्म नेपाल आयल निगमले एलपी ग्यासको भण्डारण बनाउँदैन, तबसम्म ग्यास अभावको दीर्घकालीन समाधान हुँदैन । आयात बढाएर, नागरिकले खपत कम गरेर तत्काललाई तत्कालीन समस्यामा समाधान होला, कम्तीमा एक महिनाको माग धान्ने भण्डारण नबनाए एक-दुई वर्षपछि फेरि समस्या देखिन्छ। यी पूर्वाधार बनेपछि नेपालमा ग्यास आपूर्ति व्यवस्थापनमा क्रान्तिकारी परिवर्तन आउने छ।

ग्यास सिलिण्डर दुई रङको तथा ग्यासको मूल्य नै दुई थरी राख्ने विषयले चलखेलको ढोका उघार्छ। फरक मूल्य कायम गर्दा सस्तो ग्यासको दुरूपयोग, अनियमितता र अनुगमनमा कठिनाइ उत्पन्न हुन्छ। गरिबीको रेखामुनि रहेका नागरिक, विद्यार्थी र न्यून वर्गलाई राहत दिनेगरी नयाँ प्रणालीको विकास गर्न सकिन्छ। अहिले सबै सरकारी सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्यजस्तै गरिएको छ । सोही आधारमा प्रणालीको विकास गरी ग्यास खपतको रेकर्ड राख्ने र लक्षित वर्गलाई सरकारको तर्फबाट राहत रकम जम्मा गरिदिने गर्न सकिन्छ।

नेपाल प्राकृतिकरूपमा सुन्दर भए पनि विपद्का कारणले उच्च संवेदनशील अवस्थामा छ । केही महिनाअघि मात्रै भोटेकोशी बाढीले पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा कटान गर्दा काठमाडौंमा पेट्रोलियम पदार्थको आपूर्ति गर्न निकै कठिनाइ व्यहोर्नुपऱ्यो । काठमाडौंको थानकोटमा रहेको निगमको डिपोमा डिजेल, पेट्रोल र मट्टितेलको पर्याप्त भण्डारण गर्न सक्दा अभावको अवस्था देखिएन । यद्यपि, सावधानीपूर्वक वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थको आपूर्ति हुँदा अभाव हुन पाएन ।

निगमले पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको पनि बिक्री वितरण गरिरहेको छ । ती पेट्रोलियम पदार्थको बिक्री वितरणमा कहिल्यै समस्या देखिएको छैन, तर ग्यासमामात्रै यति धेरै समस्या किन ? भन्ने प्रश्न उठ्न सक्छ। ग्यासको आयात र बिक्रीमा निगमको भूमिका नगण्य छ। निगमसँग न ग्यासको डिपो छ, न भण्डारण गृह नै । भण्डारण शून्यप्रायः छ। निजी क्षेत्रले ग्यासको आयात र बिक्री गर्छ। निगमले आइओसीसँग समन्वयमात्र गरिदिने अहिलेको अवस्था हो । यही कारणले पनि बारम्बार खाना पकाउने ग्यासमा समस्या आइरहेको छ।

यसको दिगो समाधानका लागि एउटै उपाय भनेको भण्डारण गृह निर्माण नै हो। नेपालमा ग्यासको खपत काठमाडौं उपत्यका, चितवन र मध्य क्षेत्रमा नै बढी छ । पाइपलाइन वा बुलेटबाट सर्लाहीमा ग्यासको भण्डारण गर्ने र आवश्यकताअनुसार उद्योगमा पठाउने व्यवस्था गर्न सकेमात्रै पनि ग्यासको आपूर्ति व्यवस्था सहज बनाउन सकिन्छ । एक सिलिण्डर ग्यास भर्न नेपाली जनताले दुःख नपाउने अवस्था सिर्जना गर्ने हो भने चाँडोभन्दा चाँडो ग्यासको भण्डारण निर्माण गर्नुपर्छ।

यदि 'ग्यास स्टोरेज' निर्माण नगरी टालटुले काम गरियो भने तत्काललाई समस्या त समाधान होला, तर अर्को एक/दुई वर्षमा फेरि समस्या उस्तै हुन्छ।

(नेपाल आयल निगमका उपनिर्देशक एवं भण्डारण क्षमता अभिवृद्धि परियोजनाका प्रमुख यादवसँग रासस्ले गरेको कुराकानीमा आधारित छ)

पाठक मञ्च

जिटुजी प्रणाली, वैदेशिक रोजगारीको यथार्थ र राज्यको दायित्व

वैदेशिक रोजगारीका नाममा बढ्दो पाएको बिचौलिया संस्कृति, महँगो लागत र ठगीको जालोबाट नेपाली युवालाई मुक्त गराउन सरकार-सरकार (जिटुजी) मार्फत श्रमिक पठाउने नीति आफैंमा स्वागतयोग्य कदम हो । हाल दक्षिण कोरिया, इजरायल र बेलायतमा सफल मानिएको यो मोडललाई मौरिससम्म विस्तार गर्ने तयारी हुनुले नेपाली श्रमिकका लागि पारदर्शी, सुरक्षित र थोरै लागतमा वैदेशिक रोजगारीका ढोकाहरू खोल्ने आशा जगाएको छ। तर, यस समाचारले वैदेशिक रोजगारीको अल्पकालीन व्यवस्थापन र राज्यको दीर्घकालीन दायित्वबीचको गहिरो अन्तरलाई पनि छर्लंग पारेको छ।

जिटुजी प्रणालीका कारण श्रमिकले न्यूनतम लागतमा राम्रो पारिश्रमिक, तोकिएको सेवा-सुविधा र सुरक्षा पाउने निश्चित हुन्छ । निजी म्यानपावर कम्पनीहरूबाट हुने ठगी, फर्जी सम्झौता र चर्को असुलीको मारमा परेका लाखौं नेपाली युवाका लागि सरकारी संयन्त्रमार्फत निष्पक्षरूपमा विदेश जान पाउनु ठूलो राहत हो। श्रमविद् रामेश्वर नेपालले औंल्याएझैं तोकिएको सुविधा पाउने र नठगिने ढाडसका कारण जिटुजीप्रतिको आकर्षण हुनु स्वाभाविक हो ।

यद्यपि, जिटुजी विस्तारको यो खुसीयालीभित्र एउटा गम्भीर प्रश्न लुकेको छ- के राज्यको काम केवल विदेश जाने युवाको 'फाराम भराउने' र 'लाइन लगाउने'मात्रै हो ? चुनावका बेला स्वदेशमै रोजगारी सिर्जना गर्ने, युवालाई आत्मनिर्भर बनाउने र विदेशबाट युवा फर्काउने ठूला-ठूला नारा बाँडेर सत्तामा पुग्ने सरकारहरू पछि तिनै युवालाई कुन-कुन देश पठाउने भनी नयाँ-नयाँ गन्तव्य खोज्नमै सीमित हुनु विडम्बनापूर्ण छ । राज्य आफैं रोजगारदाता वा वैदेशिक रोजगार व्यवसायीजस्तो बनेर प्रशासनिक अल्झोमा फस्नुभन्दा दिगो आन्तरिक अर्थतन्त्र निर्माणका लागि शत्वार्षिकी योजना बनाउनुपर्ने हो ।

अर्कोतर्फ, निजी क्षेत्र (म्यानपावर व्यवसायी) को चासो र भूमिकालाई पनि पूर्णतः उपेक्षा गर्न मिल्दैन । सम्पूर्ण वैदेशिक रोजगारीलाई सरकार एक्लैले धान्न असम्भव छ । त्यसैले, निजी क्षेत्रलाई विस्थापित गर्नुभन्दा तिनलाई उत्तरदायी र पारदर्शी बनाउनु राज्यको मुख्य जिम्मेवारी हो । म्यानपावर कम्पनीहरूले गर्ने गलत अभ्यास, बिचौलियागिरी र ठगीलाई रोक्न कडा अनुगमन, पारदर्शी नियमन र कानुनी कारबाहीको दायरा फराकिलो बनाइनुपर्छ । निजी क्षेत्रलाई नियमन गर्नुको सट्टा सरकार आफैं व्यापारमा ओर्लिनु नीतिगत हिसाबले परिपक्व मान्न सकिँदैन ।

अन्त्यमा, मौरिससजस्ता नयाँ गन्तव्यमा जिटुजी विस्तार हुनु श्रम शोषण रोक्नका लागि तत्कालका लागि राम्रो विकल्प हो । तर, सरकारले यसैलाई आफ्नो अन्तिम सफलता ठान्ने भूल गर्नु हुँदैन । सरकारको प्राथमिकता आफ्ना नागरिकलाई सधैं अर्काको देशमा मजदुरी गर्न पठाउने प्रणाली बनाउनुमात्र नभई स्वदेशमै मर्यादित रोजगारीको वातावरण सिर्जना गर्नु हुनुपर्छ। वैदेशिक रोजगारीलाई दीर्घकालीन समाधान होइन, केवल संक्रमणकालीन विकल्पका रूपमा हेरिनुपर्छ । जबसम्म देशमै उत्पादनशील रोजगारी सिर्जना हुँदैन, तबसम्म जिटुजी विस्तारले दायरा त बढाउला, तर मुलुकको निर्भरता र युवा पलायनको स्थायी समाधान कहिल्यै दिने छैन ।

- **रोशन काफ्ले**
कौशलटार, भक्तपुर



झिनिया रोटी सुकाइँदै | गुल्मीको सदरमुकाम तम्घास पुतलीबारस्थित एउटा घरको छतमा झिनिया रोटी सुकाउँदै महिला। गुल्मीमा तिहारको समयमा झिनियाको राम्रो व्यापार हुने गर्छ। *तस्बिरः रासस*

जग्गा वर्गीकरण नहुँदा अंशबण्डाबाहेकका काम अलपत्र

काभ्रेपलाञ्चोक– काभ्रेपलाञ्चोकको अधिकांश स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा स्थानीय नागरिक सेवाबाट वञ्चित भएका छन्। हालसम्म जिल्लाको १३ स्थानीय तहमध्ये पाँच तहलेमात्रै जग्गाको वर्गीकरण गरेका छन्।

तोकिएका समयसीमासम्ममा जिल्लाका आठ स्थानीय तहले वर्गीकरण नगर्दा स्थानीय नागरिक साउनदेखि जग्गाको कारोबार गर्न वञ्चित बनेका हुन्। जिल्ला मालपोत कार्यालय धुलिखेलका अनुसार समयसीमाभित्र तेमाल, रोशी, पनौती, मण्डनदेउपुर र बेथानचोक गाउँपालिकाले भने तोकिएको ढाँचामा जग्गा वर्गीकरण गरिसकेकाले पाँच स्थानीय तहबाहेक अन्यका नागरिकले नापी र मालपोत कार्यालयबाट अंशबण्डाबाहेकको जग्गा कारोबारबाट वञ्चित बनेका हुन्।

सरकारले जारी गरेको भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ को तेस्रो संशोधन, २०८२ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रका जग्गाको वर्गीकरण गर्नुपर्ने व्यवस्था गरेको छ। यद्यपि, सरकारले एक महिनाभित्र स्थानीय तहबाटै भूमि प्रशासन सेवा सुरु गर्ने तयारी गरेको जनाएको छ।

स्थानीय तहबाटै सेवा प्रदान गर्दा जग्गा वर्गीकरण अनिवार्य हुने जिल्लास्थित नापी कार्यालयले जनाएको छ। भूउपयोग नियमावलीमा स्थानीय तहले जग्गा वर्गीकरण सम्पन्न गर्नुपर्ने समयसीमा पटक-पटक थप गरिएको थियो। पछिल्लोपटक नियमावलीको तेस्रो संशोधन गरी स्थानीय तहले जग्गा वर्गीकरण सम्पन्न गर्नुपर्ने अन्तिम समयसीमा गत असार मसान्तसम्म तोकिएको थियो। तोकिएको समयभित्र वर्गीकरण नगरे सम्बन्धित स्थानीय तहमा कित्ताकाट, नामसारीलगायतका जग्गा प्रशासनसम्बन्धी सेवा प्रभावित हुनसक्ने नियमावलीमा व्यवस्था गरिएको छ।

नापी कार्यालयका प्रमुख अशोककुमार भुसालका अनुसार तीन वर्षदेखि स्थानीय तहले गर्नुपर्ने जग्गाको वर्गीकरण नगरेकाले तत् स्थानीय तहका नागरिकले चालु आवको साउन १ गतेदेखि जग्गाको कारोबार गर्नबाट वञ्चित भएका हुन्। गत असार मसान्तसम्म जग्गा वर्गीकरण नगरेका आठ तहका नागरिकले सेवा नपाएको उनले बताए।

गत असार मसान्तसम्म स्थानीय तहले १० क्षेत्र तोकेर जग्गाको वर्गीकरण गरिसक्नुपर्नेमा जिल्लाका आठ तहले त्यसप्रति चासो नराखेका भुसालको भनाइ छ। भूउपयोग नियमावली २०७९ कार्यान्वयनमा आइसकेकाले जग्गाको वर्गीकरण भइसकेका स्थानीय तहहरूबाट आएका भूउपयोग परिषद्को निर्णयअनुसार सबै कित्ता जग्गाको जग्गाधनी श्रेस्ता/पुर्जा तथा नक्सामा अद्यावधिक गरेरमात्र सेवा प्रवाह गर्नुपर्ने भएकाले अनिवार्यरूपमा २०७९ साल माघ २ गतेदेखि वर्गीकरण खुला गरिएको कार्यालयले जनाएको हो।

लिखत रजिस्ट्रेसन पास बैंक तथा वित्तीय संस्थाहरूको रोक्का, नामसारीलगायत अन्य निवेदनसम्बन्धी सेवा भूउपयोग वर्गीकरण क्षेत्र खुल्नेगरी स्थानीय तहहरूबाट सिफारिस आएपश्चात् मात्र सेवा प्रवाह गरिने कार्यालयले जनाएको छ। यस्तै स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरणका लागि तोकिएको मापदण्ड पूरा गर्नुपर्ने छ। कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व तथा नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्रको वर्गीकरण गर्नुपर्ने प्रावधान बनाइएको कार्यालयका प्रमुख भुसालले जानकारी दिए।

तत्कालीन भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले २०८० जेठ २७ गते जग्गाको वर्गीकरण गरेरमात्रै घरजग्गा कारोबार गर्नुपर्ने जनाउँदै रोक लगाएको थियो। त्यसको सात महिनापछि काभ्रेपलाञ्चोकमा कारोबार खुलाइए पनि तोकिएको समयसम्ममा आठ तहले जग्गाको वर्गीकरण नगरेका हुन्। यसअघि नामसारी, दृष्टिबन्धक (व्यक्तिगत), पूरा कित्ता (अंशबण्डा), पूरा कित्ता (पास), छोडपत्र (पूरा) सगोलनामामात्रै कारोबार हुने गरेको थियो। *रासस*

आधुनिकताका नाममा तोडिँदै परम्परा

■ **रेणु त्वानाबासु**

ख्वप (भक्तपुर)– आधुनिकताका नाममा क्रमशः परम्परा तोडिँदै गएको ज्वलन्त उदाहरण भक्तपुरमा देख्न सकिन्छ। दिपावली अर्थात् उज्यालोको पर्व तिहारमा बालिने माटोको दियो 'पालाचा'को सट्टा आधुनिक तर महँगो प्लास्टिकका दियोको प्रयोग यहाँका स्थानीयले गर्न थालेपछि परम्परा तोडिँदै गएको हो।

नेवारी भाषामा पालाचा भनेको माटोबाट तयार पारिने दियो हो। दियो दुई प्रकारका हुन्छन्। एउटा पोलेको र अर्को नपोलेको (काँचो)। पहिला/पहिला काँचो दियो (पालाचा) को प्रयोगको माग बढी हुन्थ्यो अहिले पोलेको दियोको माग बढेको छ।

भक्तपुरका कुमालेहरू दसैंमा दही राख्ने माटोको भाँडालगायतका भाँडा बनाउने र तिहारको समयमा पालाचा बनाउने गरेको बताउँछन्। पहिलापहिला पालाचाको धेरै व्यापार हुने गर्दथ्यो। तर, आजभोलि यसको माग कम हुँदै गएको कुमाले रामेश्वर प्रजापतिले बताए।

अहिले आधुनिक दियो र बत्तीहरू बजारमा आएकोले यसको माग कम भएको हो। पालाचा बनाउन पहिला/पहिला चखाः को प्रयोग हुन्थ्यो, भने अहिले मेसिनको प्रयोग हुन्छ। अहिले माटो मुछ्ने मेसिन भएकोले काम गर्न सजिलो भएको छ।

भक्तपुरको सूर्यमढीका कृष्ण प्रजापति २०७२ सालको भूकम्पपश्चात् माटोको काम गर्न गाह्रो भएको सुनाउँछन्। एक त खुला स्थानको अभाव, अर्को काँचो पालाचा पोल्ने ठाउँ नहुँदा धेरै समस्या भएको उनले बताए। 'जसोतसो भाँडा पोल्ने गरिरहेका छौं, तर छरछिमेकमा धुवाँधूलो उडयो भनेर गुनासो सुन्नुपर्ने हुन्छ,' उनले बताए। सानो आकारको पालाचा भएको हुँदा बनाउन र सुकाउन त्यति झण्झट छैन।

अहिले पालाचा बनाउनका लागि माटोको समस्या रहेको उनले बताए। 'पहिलापहिला माटो निःशुल्क पाइथ्यो, तर अहिले माटो किन्नुपर्ने हुन्छ,' उनले जानकारी दिए, 'प्रायः माटो नै पाउन मुस्किल छ। अब पालाचाको प्रयोग गर्नेले आधुनिक बिजुलीका दियोको प्रयोग बढाउँदै गएकाले क्रमशः भक्तपुरमा पालाचाको प्रयोग बन्द हुन्छ होला!' पहिला भए एक रूपैयाँको काँचो दियो पाँच वटासम्म पर्थ्यो भने अहिले एउटा पालाचाको करिब दुई रूपैयाँ पर्ने भएको उनले बताए।



भक्तपुरमा माटोको भाँडा बनाउने प्रजापतिहरू धेरै संख्यामा सूर्यमढी र पोटरी स्क्वायरमा बसोबास गर्छन्। भक्तपुरमा थरअनुसारको काम गर्ने चलन छ। प्रजापति थर भएकोले माटोका भाँडाकुँडा बनाउने काम गर्छन्। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आयातीत पालाचा महँगो भएकाले भक्तपुरवासीले प्रयोग नगर्ने बताए। उनले नगरपालिकाले युवालाई सेरामिक्सबाट तयार हुने माटोका भाँडाकुँडा प्रयोगमा आर्कषित गर्ने नीति लिएको बताए।

परम्परागत पेसालाई आधुनिक प्रविधि र सिर्जनशीलतासँग जोड्दै अगाडि बढाउनुपर्नेमा उनले जोड दिए। प्लास्टिकका सामानले माटोका भाँडाको स्थान लिँदै जाँदा परम्परागत पेसामा आबद्ध व्यक्तिको रोजगारी गुम्ने खतरा बढेको नगरप्रमुख प्रजापतिले बताए।

नगरप्रमुख प्रजापतिले सिरामिक्सको राम्रो सम्भावना बोकेको देशकै महत्त्वपूर्ण स्थान भक्तपुर भएको बताउँदै परम्परागत सीपलाई आधुनिकतासँग जोडेर अगाडि बढाउन नसके परम्परागत कला र सीप ओझेलमा पर्ने सम्भावना रहेको जानकारी दिए। भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रविन्द्र ज्याख्व युवाहरूमा आफ्नै देशमा सम्भावना खोज्नेभन्दा परनिर्भर सोच बढ्दै गएको बताउँछन्। आफूमा भएको सीप र क्षमताको सदुपयोग गरी समाज र परिवारका लागि धेरै काम गर्न सकिने उनले बताए।

आफ्नो सीप र रुचिसम्बन्धी कामलाई निरन्तरता दिँदै अगाडि बढे त्यसले दक्षता विकास गर्न मद्दत पुग्ने बताइन्छ। नेपाल सेरामिक्स आर्टिस्ट सोसाइटीका अध्यक्ष रमेश प्रधानले परम्परागत सिरामिक्स कलालाई आधुनिकतासँग जोड्ने, आधुनिक सिरामिक्स कलाको विकास गर्ने तथा कला र संस्कृतिसँग जोडेर यस क्षेत्रलाई अगाडि बढाउने उद्देश्य रहेको बताए। साथै, नयाँ कलाकारलाई सीप सिकाउँदै सिर्जनशील कार्यमा प्रेरित गर्नु आफूहरूको प्रमुख लक्ष्य रहेको उनले जानकारी दिए।

स्थानीय कृष्णसुन्दर प्रजापतिले १३ वर्षको सानो उमेरदेखि नै माटोको भाडा बनाउने काम थालेका थिए। तर उनी अहिले आफ्नो छोराछोरीलाई यो काम गर्न नदिने बताउँछन्। अर्का कुमाले लक्ष्मण प्रजापतिले सञ्चारसंस्थामा आएजस्तो आफूहरूको व्यापार उत्साहजनक नरहेको बताउँछन्। माटोको भाँडा बनाउने काममा समस्याको पहाड भएको उनी बताउँछन्। 'भक्तपुरमा बनाइएको पालाचा भक्तपुरवासीले नै किन्दैनन्,' उनी दुःख व्यक्त गर्छन्।

पालाचा महँगो भयो भनेर आधुनिक दियो बाल्ने गरेको उनी बताउँछन्। आजभोलि पालाचा पनि काम चलाउनका लागिमात्र किन्ने गरेको उनले बताए। भक्तपुरवासीलाई पालाचा बनाउने भए एक हप्ता बनाएको पालाचा पनि बढी हुने उनले सुनाए। काठमाडौं, ललितपुर, बनेपा तथा उपत्यकाबाहिर निर्यातका लागि भक्तपुरमा पालाचा लिन आउने गरेको उनले जानकारी दिए। *रासस*

वारेशनामा बदर गरिएको सार्वजनिक सूचना

रौतहट जिल्ला इनरवारी गा.वि.स. वडा नं. ४ को परिवर्तित ऐ. बौधीमाई न.पा. वडा नं. ४ घर भई हाल जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १६ बस्ने नारायण बैठाका पत्नी वर्ष ३६ की आशा कुमारीले धनुषा जिल्ला सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ हाल बसाईसराई गरी जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १० बस्ने महादेव वर्णवालका छोरा वर्ष ४४ का अजय वर्णवाललाई रौतहट जिल्ला अदालतमा चलिरहेको मुद्दा नं. ०८१-अ३-०१२३ को अंश दर्ता मुद्दामा आ नो तर्फबाट विभिन्न कानुनी तथा न्यायिक कामकारबाही गर्नका लागि प्रदान गरेको अधिकृत वारेसनामा, पर्सा जिल्ला अदालतबाट प्रमाणित भएको थियो।

उक्त अधिकृत वारेसनामा बमोजिम निज अजय वर्णवाललाई प्रदान गरिएका सम्पूर्ण अधिकारहरू आज मिति २०८३/०७/१९ गतेदेखि लागू हुने गरी बदर तथा रद्द गरिएको व्यहोरा यस सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ।

अतः आजको मिति पश्चात् निज अजय वर्णवाललाई उक्त अधिकृत वारेसनामाको आधारमा कुनै पनि किसिमको मुद्दा मामिला, फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदन, निवेदन, मिलापत्र, जग्गा जमिनको कारोबार, अंशबण्डा, जग्गा बिक्री वितरण, दानबकस, लेनदेन लगायत कुनै पनि कानुनी, न्यायिक वा अन्य कामकारबाही गर्ने अधिकार प्रदान गरिएको छैन।

यसर्थ, निज अजय वर्णवालले उक्त बदर गरिएको अधिकृत वारेसनामाको आधारमा कुनै पनि व्यक्ति, निकाय, अदालत, सरकारी कार्यालय वा अन्य संघसंस्थामा कुनै कामकारबाही गरेमा वा गराउन खोजेमा सो कार्यका लागि म स्वयं जिम्मेवार हुने छैन। साथै, उक्त अधिकृत वारेसनामाको आधारमा कुनै पनि कारोबार वा कामकारबाही नगर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। यो सूचना सबैको जानकारी तथा भविष्यमा हुन सक्ने सम्भावित कानुनी झन्झटबाट बच्नका लागि प्रकाशित गरिएको छ।

सूचनादाताः आशा कुमारी
रौतहट जिल्ला इनरवारी गा.वि.स. वडा नं. ४ को परिवर्तित ऐ. बौधीमाई न.पा. वडा नं. ४ घर भई हाल जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १६
(अधिकृत वारेसनामा प्रदान गर्ने व्यक्ति)

कुवेतमा रोजगार कम्पनी : PRIMER LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 342368 चलानी नं. ६०२५५६६८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब KD	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Beautician	0	9	200	९६,९७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

कुवेतमा रोजगार कम्पनी : HASHEM HASHEM RESTAURANT AND PATISSERIE

पूर्व स्वीकृति मिति : २०८१/११/२० पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 319764 चलानी नं. ६०२३३९३९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब KD	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	RESTAURANT (KITCHEN HELPER)	12	0	100	४८,४८७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

कतारमा रोजगार कम्पनी : WRAP AND GO RESTURANT

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 349963 चलानी नं. ६०२६३०३५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cook	2	0	1700	७०,७३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Waiter	6	4	1700	७०,७३२							

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

मलेसियामा रोजगार कम्पनी : MAKMURPLUS INDUSTRY SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 344188 चलानी नं. ६०२५७५१५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Oil Palm Worker	3	0	1700	६३,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२

युएइमा रोजगार कम्पनी : Al Kabayel Oasis Trading LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 318533 चलानी नं. ६०२३२७०४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Archieves Clerk	2	0	1500	६१,६१९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Job Performer (Archives Clerk)	0	0	1500	६१,६१९							
3	Sales Officer	8	1	1500	६१,६१९							
4	Shop Assistant	0	3	900	३६,९७१							

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Career International Services (P.) Ltd.

ओमनमा रोजगार कम्पनी : NEW QARTHAG PROJECTS

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ LT. No.349237 चलानी नं. ६०२६३०८४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब OR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Food Waiter/Server	15	15	140	५४,९३४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	ARABIC FOOD COOK	15	0	150	५४,८५८							
3	CLEANER PUBLIC	5	0	100	३९,२३९							

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Jasmine Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

मलेसियामा रोजगार कम्पनी : MUSANG VALLEY PLANTATION SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 341652 चलानी नं. ६०२५४९९९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Agriculture Labour	22	0	1700	६३,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २६ बाट २७ सम्म गते (12th to 13th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

RADIANT OVERSEAS PVT. LTD.
Govt. License No. 1016/068/69
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

साउदीमा रोजगार कम्पनी : ROBOA AL ASYAH FACTORY COMPANY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 336800 चलानी नं. ६०२५०३६१

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Concrete Mixer Driver	1	0	1800	७२,१६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	loading and unloading worker/ helper	1	0	1000	४०,०९२							

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मिति : २०८३ कात्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. [illegible]
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक

रूपशाला

कस्तुप पन्तले बुझे चार लाख रोयल्टी

वरिष्ठ गीतकार तथा सङ्गीतकार कस्तुप पन्तले सर्वाधिक रोयल्टी बुझेका छन् । सङ्गीत रोयल्टी संकलन समाजले शुभ दीपावली तथा छठ पर्वको अवसर पारेर बुधबार स्रष्टाहरूलाई रोयल्टी वितरण गरेको छ । जसमा सबैभन्दा बढी रोयल्टी बुझ्नेका कस्तुप पन्त वरेका हुन् । अहिले बाँडिएको रोयल्टी एनसेलको पीआरबीटी र टिकटकबाट संकलित रोयल्टी हो । समाजले टिकटकको सन् २०२६ असारसम्म र एनसेलको सन् २०२५ नोभेम्बरसम्मको रोयल्टी रकम स्रष्टाहरूलाई वितरण गरेको हो । जसमा पन्तले चार लाख रूपैयाँ प्राप्त गरेका हुन् ।



बिहीबार, १९ कात्तिक २०८३ (Thursday, 05 November 2026)

अब अन्तर्राष्ट्रियस्तरको सुविधाको बन्यो बिग मुभिज



■ प्रभाव संवाददाता

काठमाडौं – दर्शकको बढ्दो अपेक्षालाई सम्बोधन गर्दै काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरमा रहेको मल्टिप्लेक्स बिग मुभिजले अन्तर्राष्ट्रियस्तरको प्रविधि भित्र्याएको छ । दुई दशकअघि नेपालमा आधुनिक मल्टिप्लेक्स संस्कृतिको सुरुवात गर्ने पहिलो मल्टिप्लेक्स बिग मुभिजले सिनेमा हललाई रिनोभेसन गरी अत्याधुनिक सुविधासम्पन्न बनाएको छ ।

रिनोभेसनका क्रममा कम्पनीले आफ्नो मूल नारा 'एक्सपिरियन्स सिनेमा, एक्सपिरियन्स द डिफिरेन्स'लाई सार्थक बनाउन हलको प्रविधि, ध्वनि, सिट, वातावरणजस्ता सबै पक्षमा अन्तर्राष्ट्रियस्तर कायम गरेको छ ।

बिग मुभिजले स्टेट अफ द आर्ट दृश्य प्रविधि बारको ४के आरजीबी लेजर प्रोजेक्टर जडान गरेको छ । कम्पनीले युरोपेली ब्रान्डको बहुचर्चित बारको एसपी४के-२०सी (सिरिज ४) स्मार्ट लेजर प्रोजेक्टरमा २१,००० ल्युमेन्सको ब्राइटनेस र ४के को नेटिभ रिजोलेसन रहेको छ । पर्दामा चलचित्रका दृश्यहरूलाई अत्यन्त स्पष्ट, चम्किलो र जिवन्त बनाउन कम्पनीले ठूलो रकम खर्चेर यो प्रोजेक्टर जडान गरेको हो ।

चलचित्रका दृश्यमा वास्तविक र उच्च गुणस्तरीय रङ संयोजनका लागि ९८.५ प्रतिशतभन्दा बढी रेस २०२० र डीसीआईए३ कलर स्पेस सपोर्ट गर्ने प्रविधि जडान गरिएको छ । साउन्ड सिस्टमतर्फ थ्री-डी इमर्सिभ साउन्ड सिस्टम (डल्बी एटमस ६४-च्यानल सिस्टम जडान गरिएको छ । परम्परागत साउन्ड सिस्टमभन्दा फरक हरेक स्पिकरलाई स्वतन्त्र अडियो फिड दिने गरी ६४-च्यानल डल्बी एट्मस प्रविधि जडान गरिएको छ ।

हलको ओभरहेड र चारैतिर राखिएका स्पिकरहरू तथा सीपी(५)ए साउन्ड प्रोसेसरको मद्दतले १२८ वटासम्म साउन्ड अब्जेक्टहरूलाई एकैपटक नियन्त्रण गरी दर्शकलाई चारैतर्फबाट वास्तविक ध्वनि अनुभव गराउँछ । यी स्पिकरका कारण विशेषगरी एक्सन/साउन्ड-इन्टेन्सिभ चलचित्रहरूमा दर्शकले थप रोमाञ्चक अनुभव लिन पाउँछन् ।

हलका सिटहरूलाई पनि आरामदायी बनाइएको छ । दर्शकलाई विशेष अनुभूति दिलाउन नयाँ लक्जरी तथा एर्गोनोमिक सिटिङ (प्रिमियम सिटिङ) राखेको छ । दर्शकको सहजताका लागि २५५ वटा २२ इन्चका 'च्याम्पियन सिरिज' थिएटर कुर्सीहरू राखिएका छन् ।

थप विलासी र आरामदायी अनुभवका लागि २९ वटा २९ इन्चका 'रोयल लक्जुरिया' क्रिम कलर रिक्लाइनरहरू जडान गरिएको छ ।

हलभित्र नयाँ कार्पेटिङ, अकोस्टिक वाल कभरिङ र आधुनिक लाइटिङको व्यवस्था गरी पूर्ण रूपमा नयाँ वातावरण तयार पारिएको बिग मुभिजका चेयरम्यान राजेन्द्र अर्यालले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन् । साथै उनले बिग मुभिजले आफ्नो इतिहास र पहिचानलाई कायम राख्दै प्रविधि तथा सुविधामा नयाँ स्तर स्थापित गर्न खोजेको बताए । 'नेपालको पहिलो मल्टिप्लेक्सको पहिचान बनाएको बिग मुभिजले प्रविधि र सुविधामा सधैं पहिलो र अगाडि रहने आफ्नो इतिहासलाई यो व्यापक रिनोभेसनमार्फत पुनः प्रमाणित गरेको छ । अब बिग मुभिजमा चलचित्र हेर्नु पर्दामा दृश्य हेर्नु मात्र हुने छैन,' उनले भने, 'यो पूर्ण रूपमा कथा र वातावरणलाई महसुस गर्ने एउटा अविस्मरणीय अनुभव हुने विश्वास हामीले लिएका छौं ।'

'पाँच पाण्डव'लाई युनिभर्सल सर्टिफिकेट



■ प्रभाव संवाददाता

काठमाडौं– चलचित्र 'पाँच पाण्डव'ले युनिभर्सल सर्टिफिकेट पाएको छ । केन्द्रीय चलचित्र जाँच समितिले 'पाँच पाण्डव'ले युनिभर्सल सर्टिफिकेट प्रदान गरेको हो ।

युनिभर्सल सर्टिफिकेट पाएसँगै यो सिनेमा जुनसुकै उमेर समूहका दर्शकले हेर्न सक्नेछन् । सपरिवार सँगै बसेर हेर्ने सिनेमा बनेको निर्माणपक्षले बताएको छ ।

वर्षकै प्रतिक्षित भनेर निर्माणपक्षले दाबी गरेको सिनेमा यही कात्तिक २० गतेबाट प्रदर्शन हुँदैछ । चलचित्रलाई बसन्त निरौलाले निर्देशन गरेका छन् ।

'पाँच पाण्डव'मा हरिवंश आचार्य, महेश त्रिपाठी, जितु नेपाल, विनोद न्यौपाने, आर्यन सिक्देल, सुशील सिटौला, इभा गिरी, दीपाश्री निरौलालगायत कलाकार मुख्य भूमिकामा छन् ।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रमा सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री)लगायतको पनि मुख्य भूमिका रहेको छ ।

यो चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन् । उनले यसअघि गतवर्ष 'लाज शरणम्' निर्माण गरेका थिए । चलचित्रको निर्मातामा काली रानी श्रेष्ठ छिन् ।

'पाँच पाण्डव'मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ । यो चलचित्र 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन् । उनका अनुसार चलचित्रले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ ।

यो चलचित्रलाई श्याम तामाङले खिचेका छन् । चलचित्रमा सुप्रिम पराजुलीको सम्पादन तथा फाइट डाइरेक्टरमा सम्राट बस्नेत छन् । गम्भीर विस्ट र विक्रम स्वाँरको कोरियोग्राफी रहेको छ ।

'पाँच पाण्डव'मा दर्शकले पूरै साउन्ड डल्बी एटमस साउन्ड अनुभव गर्न पाउने छन् । चलचित्रमा अर्जुन पोखरेलको संगीत, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुजिल कर्माचार्यको बिजिएम, पुकार धिमालको भिएफएक्स, रोहित राज गौतम एचओपी र विष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन् ।

चलचित्रको डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ । यो चलचित्रलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले देशव्यापी वितरण गर्नेछ ।

रंगशाला

एनपिएलमा आज दुई खेल हुने

लुम्बिनी र जनकपुर तथा विराटनगर र काठमाडौं भिड्दै

■ प्रभाव संवाददाता

काठमाडौं – नेपाल प्रिमियर लिग (एनपिएल) मा बिहीबार दुई खेल हुँदैछन् । पहिलो खेलमा जनकपुर बोल्ट्सले लुम्बिनी लायन्सको सामना गर्नेछ भने दोस्रो खेलमा विराटनगर किङ्सले काठमाडौं गोर्खाजको सामना गर्नेछ ।

अहिलेसम्म चार खेल खेलिसकेको जनकपुरले २ मा जित र २ मा हार व्यहोर्दै ४ अंक जोडेको छ त्यस्तै लुम्बिनी लायन्सले ३ खेलमा २ जित र १ खेलमा अंक बाँड्दा ५ अंक जोडेको छ ।

त्यस्तै विराटनगर किङ्सले चार खेलमा २मा जित हात पार्दै चार अंक जोड्दै लुम्बिनी लायन्सपछि अंक तालिकाको दोस्रो तालिकामा रहेको छ भने काठमाडौं गोर्खाज्ले २ खेलमा १ मा जित र १ मा हार व्यहोरेको छ ।

डेभिड मिलर नेपालमा

नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण खेल्न दक्षिण अफ्रिकाका चर्चित क्रिकेटर डेभिड मिलर नेपाल आइपुगेका छन् । बुधबार काठमाडौं आएका मिलरलाई एनपिएल टोली कर्णाली याक्सका प्रतिनिधिले विमानस्थलमा स्वागत गरेका थिए । उनी पहिलोपटक नेपाल आएका हुन् ।

कर्णाली याक्सले यस संस्करणका लागि विदेशी खेलाडीका रूपमा मिलरलाई टोलीमा अनुबन्ध गरेको हो ।

बायाँहाते ब्याटर मिलर सीमित ओभरको क्रिकेटमा आक्रामक ब्याटिङ र दबाबपूर्ण परिस्थितिमा खेललाई आफ्नो पक्षमा पार्न सक्ने क्षमताका लागि परिचित छन् । ३७ वर्षीय मिलरले दक्षिण अफ्रिकाका लागि १४० टी-२० अन्तरराष्ट्रिय खेल खेल्दै दुई शतक र नौ अर्धशतकसहित दुई हजार ८०४ रन बताएका हुन् ।

त्यस्तै, उनले १८० एकदिवसीय अन्तरराष्ट्रिय खेलमा आठ शतक र २४ अर्धशतकसहित चार हजार ७६२ रन बनाएका छन् । समग्र टी-२० क्रिकेटमा उनको अनुभव अझ प्रभावशाली छ । मिलरले विभिन्न घरेलु तथा फ्रेन्चाइज प्रतियोगिताका ५८४ खेलमा चार शतक र ५३ अर्धशतकसहित १२ हजार ४३५ रन बनाएका छन् ।

इन्डियन प्रिमियर लिग (आइपिएल) मा पञ्जाब किङ्स, राजस्थान रोयल्स, गुजरात टाइटन्स र दिल्ली क्यापिटल्सलगायत टोलीबाट खेलिसकेका मिलर सन् २०२२ मा गुजरात टाइटन्सले पहिलोपटक उपाधि जित्दा टोलीका महत्वपूर्ण सदस्य थिए ।

सन् २०१७ मा बंगलादेशविरुद्ध मात्र ३५ बलमा टी-२० अन्तरराष्ट्रिय शतक प्रहार गरेका मिलर विश्व क्रिकेटका अनुभवीमध्ये एक मानिन्छन् । तेस्रो संस्करणको एनपिएल कात्तिक ९ गतेदेखि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सञ्चालन भइरहेको छ ।

भेट्रान्स फुटबलको सेमिफाइनल समीकरण पूरा



■ प्रभाव संवाददाता

काठमाडौं – तेस्रो नागार्जुन भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । बुधबार भएका क्वार्टरफाइनल खेलबाट जोरपाटी फुटबल क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, सानो गौचरण नाइट किंग्स कलब र पोखरा ११ ले अन्तिम चारमा स्थान सुरक्षित गरेका छन् ।

मध्यपुर थिमिस्थित मैदानमा सम्पन्न पहिलो क्वार्टरफाइनलमा जोरपाटीले चाबहिल स्पोर्ट्स क्लबलाई ४-२ ले हरायो । कप्तान तथा मिडफिल्डर रञ्जित लामा खेलको 'प्लेयर अफ दि म्याच' चुनिए ।

निर्धारित ७० मिनेटको खेल गोलरहित बराबरीमा टुंगिएपछि आर्मी र न्युरोड टिम (एनआरटी)बीचको खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो । सुटआउटमा आर्मीले ४-२ ले बाजी मार्यो । एउटा पेनाल्टी बचाएका गोलकिपर विकास मल्ल आफैं पनि स्कोरसीटमा आफ्नो नाम लेखाउन सफल भएका थिए । उनकै निर्णायक पेनाल्टीमा आर्मीले बाजी मारेको थियो । पछि उनीनै खेलको सर्वोत्कृष्ट घोषित भए ।

> क्वार्टरफाइनलबाट जोरपाटी फुटबल क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, सानो गौचरण नाइट किंग्स कलब र पोखरा ११ ले अन्तिम चारमा स्थान सुरक्षित गरेका छन् ।

तेस्रो क्वार्टरफाइनलको निर्णय पनि टाइब्रेकरले गरेको थियो । निर्धारित समयमा सानो गौचरणले फ्रिडम एफसीसँग १-१ को बराबरी खेलेका थिए । त्यसपछि सडन डेथसम्म पुगेको टाइब्रेकरमा सानो गौचरणले ५-४ को रोमाञ्चक जित निकाल्यो । दुईवटा पेनाल्टीलाई विफल पारेका गोलकिपर सम्भु श्रेष्ठले सर्वोत्कृष्ट खेलाडीको पुरस्कार जिते । विकास जस्तै उनले पनि पेनाल्टीलाई सदुपयोग गरेका थिए ।

दिनको अन्तिम खेलमा पोखराले धरान सिटी एफसीलाई १-० ले पराजित गर्यो । यो खेलको 'प्लेयर अफ दि म्याच' गोविन्द बहादुर थापा बने ।

सेमिफाइनलका खेल बिहीबार मध्यपुर थिमिस्थित मैदानमै हुनेछन् । पहिलो सेमिफाइनलमा दिउँसो १२:१५ बजे जोरपाटी र आर्मीबीच प्रतिस्पर्धा हुनेछ । लगत्तै सानो गौचरण र पोखरा भिड्नेछन् । प्रतियोगिताको फाइनल शुक्रबार हुनेछ ।

करातें खेलाडी एरिकालाई तीन लाख सहयोग

■ प्रभाव संवाददाता

काठमाडौं – उन्नाइसौं एसियाली खेलकुद प्रतियोगिताकी रजत पदक विजेता तथा राष्ट्रिय करातें खेलाडी एरिका गुरुङको खेल विकासका लागि अस्ट्रेलियाको सिड्नीस्थित यात्रा रन क्लबले रु तीन लाख आर्थिक सहयोग गरेको छ ।

राष्ट्रिय खेलकुद परिषद्का कार्यकारी बोर्ड सदस्य सिक्का सुवाल श्रेष्ठले उक्त रकम बुधबार आयोजित एक कार्यक्रममा हस्तान्तरण गरे । यस अभियानमा राखेप बोर्ड सदस्य श्रेष्ठले विशेष पहल तथा समन्वय गरेको कार्यक्रममा जानकारी दिइयो ।

आगामी अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीलाई लक्षित गर्दै संकलन गरिएको उक्त सहयोग रकम एरिकाको खेल विकास तथा प्रशिक्षणमा खर्च गरिने जनाइएको छ । अस्ट्रेलियाको सिड्नीमा आयोजित विशेष कार्यक्रममार्फत सहयोग अभियान सञ्चालन गरिएको थियो ।

श्रेष्ठले नेपालमा रहेका विभिन्न रन क्लबलाई एकताबद्ध गर्दै खेलाडीलाई सहयोग गर्ने अभियानलाई अझ व्यापक बनाउनुपर्ने भन्दै यस किसिमको सहयोगले खेलाडीलाई थप हौसला मिल्ने विश्वास व्यक्त गरे ।

करातें खेलाडी एरिका गुरुङले प्राप्त सहयोगले आफूलाई थप प्रेरणा मिलेको बताउँदै सहयोग रकमले खेल तयारी गर्न मद्दत पुग्ने उल्लेख गरिन् । उनले दक्षिण एसियाली खेलकुद (साग) लगायतका आगामी आयोजना हुने प्रतियोगितामा राम्रो प्रदर्शन गर्न सहयोग पुग्ने विश्वाससमेत व्यक्त गरिन् । प्राप्त सहयोग रकम एरिकाको नियमित प्राविधिक प्रशिक्षण, शारीरिक क्षमता विकास, फिजियोथेरापी, चोटपटक रोकथाम तथा पुनर्स्थापनालगायत खेल तयारीका क्षेत्रमा उपयोग गरिने बताइएको छ ।

यात्रा रन क्लब र अभियानमा संलग्न पक्षले आगामी दिनमा पनि एरिकामा मात्र सीमित नभइ अन्य नेपाली खेलाडीको विकासका लागि सहयोग तथा अवसर सिर्जना गर्ने प्रतिबद्धता गरेका छन् ।



बुधबार इण्डोनेसियाको जाकार्तास्थित राष्ट्रिय स्मारक मोनास सफा गर्दै कामदार । *तस्विर: एपी*

उत्तर कोरियाद्वारा क्षेप्यास्त्र प्रक्षेपण



सियोल– उत्तर कोरियाले बुधबार आफ्नो पूर्वी तटबाट समुद्रतर्फ अज्ञात क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । अमेरिकासँगको सम्भावित कूटनीतिक संवाद र हचाकिङसम्बन्धी आरोपबीच प्योङयाङले हतियार परीक्षणलाई निरन्तरता दिएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग संवाद पुनः सुरु गर्ने इच्छा व्यक्त गरेपछि प्योङयाङले अमेरिकासँगको सम्भावित वार्तामा आफ्नो प्रभाव बढाउन हतियार परीक्षण तीव्र पारेको विश्लेषण गरिएको छ ।

विश्वकै ठूलो क्रिप्टोकरेन्सी विनिमय मञ्च बाइनान्समा छ अर्ब अमेरिकी डलरभन्दा बढीको चोरीमा उत्तर कोरियाली हचाकर संलग्न रहेको अमेरिकी संघीय अनुसन्धान ब्युरो (एफबिआई) को आरोपलाई उत्तर कोरियाले अस्वीकार गरेको छ । एफबिआईले उक्त आक्रमणलाई गत वर्ष बाइबिटमा एक अर्ब ५० करोड अमेरिकी डलर चोरी गरेको आरोप लागेको 'ट्रेडरट्रेटर' समूहसँग जोडेको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले अमेरिकी आरोपलाई वासिङ्टनको शत्रुतापूर्ण नीतिको निरन्तरताका रूपमा आलोचना गरेकी छन् । उनले त्यस्ता व्यक्तिसँग वार्ता गर्न आवश्यक नरहेको बताउँदै संवादले राष्ट्रिय हित पूरा नगर्ने धारणा व्यक्त गरेकी छन् ।

उत्तर कोरियाले पछिल्लो समय ब्यालेस्टिक तथा हाइपरसोनिक क्षेप्यास्त्र, आक्रमणकारी ड्रोन र क्लस्टर बम परीक्षण गरेको छ । मंगलबार परीक्षण गरिएको नयाँ क्लस्टर वार हेडले पाँचदेखि छ हेक्टर क्षेत्र नष्ट गर्न सक्ने प्योङयाङको दाबी छ ।

यसैबीच, सेप्टेम्बरमा सीमाक्षेत्रमा बारुदी सुरुङ विस्फोट हुँदा दक्षिण कोरियाका तीन सैनिक घाइते भएपछि दुई कोरियाबीचको तनाव पनि बढेको छ । सियोलले उत्तर कोरियामाथि सैन्य सीमांकन रेखाको दक्षिणतर्फ सुरुङ बिछ्याएको आरोप लगाउँदै माफी माग्नुपर्ने बताएको छ ।

प्योङयाङले भने जिम्मेवारी अस्वीकार गर्दै प्रतिकारको चेतावनी दिएको छ । उसले सीमामा प्रचारात्मक लाउडस्पीकर प्रसारण पुनः सुरु गर्ने र नयाँ हतियार तैनाथ गर्ने धम्कीसमेत दिएको छ । *रासस/एपी*

अमेरिकी कंग्रेसका दुवै सदनमा डेमोक्रेटको बहुमत

वासिङ्टन– अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्रेटहरूले सिनेट र प्रतिनिधिसभा दुवैमा बहुमत हासिल गरेका छन् । यसले राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालका बाँकी दुई वर्षमा उनको विधायिकी योजनामा अवरोध पुग्ने र प्रशासनमाथि अनुसन्धान बढ्ने देखिएको छ ।

जीवनयापनको बढ्दो लागत, भन्सार शुल्क र इरानसँगको युद्धप्रति मतदाताको असन्तुष्टि निर्वाचन परिणाममा प्रतिविम्बित भएको छ । ट्रम्पले परिणाम स्वीकार गर्ने बताउँदै डेमोक्रेटहरूले राम्रो चुनावी अभियान सञ्चालन गरेको प्रशंसा गरेका छन् । तर, रिपब्लिकनहरूको हारलाई आफ्नो व्यक्तिगत पराजय मान्न अस्वीकार गरेका छन् ।

डेमोक्रेटहरूले मेन, टेक्सास, कन्सास, आयोवा, दक्षिण क्यारोलिना र उत्तर क्यारोलिनालगायत राज्यमा सफलता हासिल गरेका छन् । मेनमा ट्रोय ज्याक्सनले रिपब्लिकन सिनेटर सुसान कोलिन्सलाई पराजित गरेका छन् भने जर्जियामा केइशा लान्स बटम्स अमेरिकी इतिहासकै पहिलो अश्वेत महिला गभर्नर निर्वाचित भएकी छन् ।

दुवै सदनमा बहुमत पाएपछि डेमोक्रेटहरूले इरान युद्ध, आप्रवासन नीति र भ्रष्टाचारका आरोपमाथि अनुसन्धान गर्न तथा ट्रम्पका विधेयक र सरकारी नियुक्तिमा अवरोध गर्न सक्ने छन् । प्रतिनिधिसभाका नेता हाकिम जेफ्रिज आगामी जनवरीमा पहिलो अश्वेत सभामुख बन्न सक्ने सम्भावना छ ।

परिणाम स्वीकार गर्ने बताए पनि ट्रम्पले आफू उम्मेदवार भएको भए रिपब्लिकनहरूले भारी मतान्तरले जित्ने दावी गरेका छन् । उनले डेमोक्रेटहरूले पारित गरेका विधेयकमा राष्ट्रपतीय भिटो प्रयोग गर्ने चेतावनीसमेत दिएका छन् । यसले आगामी दुई वर्ष अमेरिकी राष्ट्रपति र कंग्रेसबीच राजनीतिक टकराव बढ्न सक्ने संकेत गरेको छ । *रासस/एएफपी*



ट्रम्पको स्वीकारोक्ति: चुनावी हारको कारण इरान युद्ध

वासिङ्टन– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीको पराजयमा इरान युद्धले भूमिका खेलेको स्वीकार गर्दै विपक्षी डेमोक्रेटलाई बधाइ दिएका छन् । तर उनले हारको व्यक्तिगत जिम्मेवारी लिन अस्वीकार गर्दै पार्टीका उम्मेदवारहरूको कमजोरीलाई दोष दिएका छन् ।

फक्स न्युजसँगको अन्तर्वार्तामा ८० वर्षीय ट्रम्पले डेमोक्रेटहरूले राम्रो प्रदर्शन गरेको बताउँदै आफूले यसलाई व्यक्तिगत हारका रूपमा नलिएको उल्लेख गरे । उनले डेमोक्रेटहरूसँग विभिन्न विषयमा सहकार्य गर्न तयार रहेको बताए पनि आफूलाई मन नपर्ने विधेयकमा भिटो लगाउने चेतावनी दिए । इरान युद्ध र बढ्दो तेलको मूल्य मतदातामाझ अलोकप्रिय बनेको स्वीकार गर्दै उनले युद्ध निर्वाचन परिणाम प्रभावित पार्ने एउटा कारण भएको बताए । यद्यपि, इरानप्रति आफूले अपनाएको नीतिको महत्त्व मतदाताले बुझेको उनको दावी थियो ।

ट्रम्पले टुथ सोसलमा आफू उम्मेदवार भएको भए रिपब्लिकनहरूले ठूलो अन्तरले जित्ने दावी गरे । उनले टेक्सासका गभर्नर ग्रेग एबटको आलोचना गर्दै उनी नाममात्रका रिपब्लिकन भएकाले पराजित भएको टिप्पणी गरे । ह्वाइट हाउसका एक अधिकारीले पनि रिपब्लिकन उम्मेदवार हरूको गुणस्तर निर्वाचन परिणाममा प्रभाव पार्ने महत्त्वपूर्ण पक्ष भएको बताएका छन् । *रासस/एएफपी*

दिल्लीमा वायु प्रदूषण डब्ल्यूएचओको सीमाभन्दा ३० गुणा बढी

नयाँदिल्ली– भारतको राजधानी नयाँदिल्लीमा वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले तोकेको दैनिक सीमाभन्दा ३० गुणाभन्दा बढी पुगेको छ । बुधबार केही क्षेत्रमा पीएम २.५ को मात्रा प्रतिघनमिटर ४६१ माइक्रोग्राम नाघेको वायु गुणस्तर अनुगमन संस्था आइक्युएयरले जनाएको छ ।

दीपावली नजिकिँदै गर्दा आतसबाजीका कारण प्रदूषण थप बढ्ने आशंका गरिएको छ । प्रदूषण नियन्त्रणका लागि अधिकारीहरूले सवारीसाधन सञ्चालन र निर्माण कार्यमा प्रतिबन्ध कडा पारे पनि त्यसको तीन दिनपछि नै प्रदूषण झन् बढेको हो । सर्वोच्च अदालतले दीपावलीमा सीमित मात्रामा हरित पटाका प्रयोग गर्न अनुमति दिएको छ ।

भारतको वातावरण मन्त्रालयका अनुसार दिल्लीको जाडोयामको वायु प्रदूषणमा सवारीसाधनको योगदान २३ प्रतिशत, जैविक पदार्थ जलाउने कार्यको २० प्रतिशत र औद्योगिक क्षेत्रको करिब नौ प्रतिशत छ । सबैभन्दा ठूलो हिस्सा अर्थात् २७ प्रतिशत प्रदूषण विभिन्न ग्यासको रासायनिक प्रतिक्रियाबाट बन्ने माध्यमिक कणको रहेको छ । विज्ञ ज्याकोब कोशीका अनुसार दिल्ली आसपासका खेतमा प्रयोग हुने मलबाट निस्कने अमोनियाले पनि माध्यमिक कण निर्माणमा योगदान पुऱ्याउँछ । उनका अनुसार अमोनियाले अन्य प्रदूषकसँग प्रतिक्रिया गर्दा वायु प्रदूषण थप जटिल बन्छ । *रासस/एएफपी*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७१/०४/०१ मा दर्ता भएको **पद्म कमल फिल्म प्राइभेट लिमिटेड (प्रा.लि.नं. १२४३४६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७७/०८/२५ मा दर्ता भएको **हात्तिवन एनिमल क्लिनिक एण्ड डग हाउस प्राइभेट लिमिटेड (प्रा.लि.नं. २४५५५४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६९।०२।३० मा दर्ता भएको प्रा.लि.नं. ९३८९८ को **विन्डी हिल्स रेष्टुरेण्ट एण्ड बार प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०७।१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ९३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७९/०४/१० मा दर्ता भएको यस **मेगा एजुकेशन लर्निंग हब प्रा.लि. (प्रा.लि.नं. २५४४४४/०७५/०८०)** लाई मिति २०८३/०७/१८ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)
का.म.न.पा. २५,काठमाण्डौ सम्पर्क नम्बर (५८१३२४४६५५)

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१५ गते

यस कम्पनीको मिति २०८३/०६/१५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **प्याराडाइज वेब प्रा.लि.**को नाम परिवर्तन गरी **शटरबग क्याफे प्रा.लि.(दर्ता नम्बर २३३१४५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२७ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावीकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयको मिति २०७२/१०/१२ मा दर्ता भएको **प्रा. लि. नं. १४४४५९** को **हार्ट विट म्युजिक** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Index Manpower Pvt.Ltd. (ईण्डर्न१५४३/०७८/७५) मा कार्यरत (नागरिकता नं. ५१३५६) **विष्कु कुमारी थापामगर** (Kitchen Staff) र (नागरिकता नं. ३९-०१-७१-०३३३४) **कल्पना दर्लामी** (Documentation officer) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुँदा निज व्यक्तिद्वारा यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम मै जाने व्यहोरा अनुरोध छ ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०६३/१२/३० मा दर्ता भएको **प्रा. लि. नं. ४५३००** को **प्रोडिजी सोलुसन** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७३/०२/१० मा दर्ता भएको **प्रा. लि. नं. १४४७८०**को **होङ्कु सिनेमा** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

युएइ/कुवेतमा रोजगार **कम्पनी :** Sugar Beauty Lounge For Ladies Llc

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ | LT. No. 349969 | चलानी नं. ६०२६३०६६

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: AED	मासिक तलब: ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	कार्य अवधि
1.	Hairdresser	0	2	1500	६१,६१९	उपलब्ध छ	८ घण्टा	६ दिन	२ दिन	छ	छ	२ वर्ष
2.	Telecommunication Technician	0	2	1500	६१,६१९							
3.	Manicurist	0	1	1500	६१,६१९							

कम्पनी : Mackintosh Palace Restaurant Company

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ | LT. No. 349973 | चलानी नं. ६०२६३०६५

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलब: KD	मासिक तलब: ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	कार्य अवधि
1	Driver (Light Vehicle)	1	0	160	७७,५७४	उपलब्ध छ	८ घण्टा	६ दिन	२ दिन	छ	छ	२ वर्ष
2	Waitress	0	3	140	६७,८८१							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति : २०८३ कार्तिक २६ गते (12th Nov. 2026) मा हुनेछ ।

रवदेशमा अरिले डि मेडिकल खर्च गर्नुपर्ने भन्ने र कति भन्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रवदेशमा अरिले बिमा खर्च गर्नुपर्ने भन्ने र कति भन्ने	रोजगारमा बिमा हुने/नहुने र कम्तले व्यहोर्ने	हवाई टिकट कम्तले दिने र कति भन्ने	बिमा शुल्क कम्तले दिने र कति भन्ने	सामाजिक सुरक्षा कोष कम्तले दिने र कति भन्ने तलबको%	कल्याणकारी कोष सम्बन्धि व्यहरया	सेवा शुल्क	अभिमुखिकरण शुल्क तिर्नु पर्ने र कम्तले व्यहोर्ने	बिमा दलिपत्र शुल्क कम्तले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	१.२५९ - कामदारले तिर्ने	रु. १,२०० - कामदार आफैले	नि:शुल्क	रु.३०० कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट लाइसेन्स नं. १९९९ । आवेदन दर्ता नं. ७५४

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

अधिकतम खुद्रा मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मरकम्पनीले भारतबाट पैठारी गरी ल्याएको देहायबमोजिमका मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम रहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

S. N	PRODUCTS	Brand/ Model	Per Sq Mtr	MRP/Sq MTR in NPR
1	Tiles Serieal No.1 800 X 3000 Mm	Tarash	1	6,332.76
2	Tiles Serieal No.2 1200 X 2780 Mm	Tarash	1	6,332.76
3	Pl-Glass Mosaic Mural Artistics Serial No.3 300 X 300 Mm	Tarash	1	2,461.87
4	Tiles Serieal No.4 100 X 100 Mm	Tarash	1	6,150.16
5	Tiles Serieal No.5 1200 X 2400 Mm	Tarash	1	6,332.76
6	Tiles Serieal No.6 1200 X 2400 Mm	Tarash	1	6,332.76
7	Tiles Serieal No.7 100 X 2400 Mm	Tarash	1	6,332.76
8	Tiles Serieal No.8 600 X 1200 Mm	Tarash	1	2,461.87
9	Marble Serieal No.9 287 X 304 Mm	Tarash	1	2,461.87
10	Marble Serieal No.10 340 X 315 Mm	Tarash	1	2,461.87
11	Tiles Serieal No.11 147 X 297 Mm	Tarash	1	2,461.87
12	Tiles Serieal No.12 147 X 297 Mm	Tarash	1	2,461.87
13	Marble Serieal No.13 150 X 300 Mm	Tarash	1	2,461.87
14	Marble Serieal No.14 100 X 900 Mm	Tarash	1	6,150.16
15	Marble Serieal No.15 100 X 900 Mm	Tarash	1	6,150.16
16	Marble Serieal No.16 100 X 900 Mm	Tarash	1	6,150.16
17	Marble Serieal No.17 300 X 275 Mm	Tarash	1	6,150.16
18	Marble Serieal No.18 300 X 275 Mm	Tarash	1	6,150.07
19	Marble Serieal No.19 1400 X 1000 Mm	Tarash	1	6,150.07
20	Marble Serieal No.20 2400 X 1175 Mm	Tarash	1	2,084.22
21	Marble Serieal No.21 3000 X 975 Mm	Tarash	1	2,084.22

Importer Name: A.S.T Pvt Ltd **Exim Code:** 3053131790102NP
Address: Birgunj, Parsa (Nepal)

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,७५,६००	०	३,६५५



बन्दीपुरमा पर्यटक | तनहुँको बन्दीपुर–३ स्थित रामकोट गाउँमा विदेशी पर्यटक र पृष्ठभूमिमा देखिएको हिमाल। विदेशी तथा स्वदेशी पर्यटकलाई रामकोट दृश्यावलोकनका लागि आकर्षणस्थल बन्दै गएको छ। *तस्विर: कृष्ण न्यौपाने/रासस*

‘टेलिकमको खरिद प्रक्रियाबारे भ्रमपूर्ण समाचार नफैलाऔं’

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल टेलिकमले आफ्नो खरिद प्रक्रियाबारे केही सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारहरू भ्रमपूर्ण र अपुष्ट रहेको भन्दै त्यस्ता समाचार सम्प्रेषण नगर्न आग्रह गरेको छ।

कम्पनीले एक विज्ञप्ति जारी गर्दै पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा कम्पनीको खरिद प्रक्रियासम्बन्धी भ्रमपूर्ण तथा अपुष्ट समाचारहरू प्रकाशन तथा प्रसारण भइरहेकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

नेपाल टेलिकम कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएको र दूरसञ्चार ऐन, २०५३ बमोजिम अनुमतिपत्र प्राप्त गरी देशभर गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको संस्था हो। कम्पनीले आफ्नो ऐतिहासिक पृष्ठभूमि, स्थापित प्रतिष्ठा, जनविश्वास तथा आमग्राहकको भरोसालाई सम्पत्तिका रूपमा लिएको जनाएको छ।

कम्पनीका अनुसार प्रचलित ऐन, कानुन तथा पछिल्लो समय विकसित सुशासनका मूल्य र मान्यताअनुसार काम गर्दै आएको छ। सस्तो र भरपर्दो दूरसञ्चार सेवा सर्वसुलभ रूपमा सबै नागरिकलाई उपलब्ध गराउने तथा देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यका साथ कम्पनी क्रियाशील रहेको विज्ञप्तिमा उल्लेख छ।

सहरी क्षेत्रदेखि देशका अति विकट स्थानसम्म दूरसञ्चार सेवा विस्तार गर्दै आएको टेलिकमले नयाँ प्रविधि अवलम्बन, गुणस्तरीय सेवाको उपलब्धता, नेपाल सरकारको नीतिगत लक्ष्य प्राप्ति तथा कम्पनीको व्यावसायिकतालाई मध्यनजर गरी विभिन्न कार्य गर्दै आएको जनाएको छ।

खरिद प्रक्रियाका सम्बन्धमा कम्पनीको आर्थिक विनियमावली, दूरसञ्चार उपकरण तथा सेवा खरिदसम्बन्धी कार्यविधि, सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको स्ट्यान्डर्ड बिड डकुमेन्टका आधारमा आवश्यक खरिद प्रक्रिया अपनाइने कम्पनीले स्पष्ट पारेको छ।

कम्पनीको खरिद प्रक्रियालगायत विषयमा समाचार प्रकाशन तथा प्रसारण गर्नुअघि आवश्यक आधिकारिक विवरण कम्पनीका प्रवक्ता, सूचना अधिकारी, सहप्रवक्ता एवं सूचना तथा प्रकाशन शाखाबाट सहज रूपमा उपलब्ध हुने पनि विज्ञप्तिमा जनाइएको छ।

त्यसैले भ्रमपूर्ण समाचार सम्प्रेषण नगरी कम्पनीको प्रतिष्ठा, विकास तथा संस्थागत हित अभिवृद्धिमा सकारात्मक सहयोग पुऱ्याउन नेपाल टेलिकमले सञ्चारमाध्यमहरूसँग अपेक्षा गरेको छ।

कम्पनीका प्रवक्ता डा. कमल लामिछानेद्वारा जारी विज्ञप्तिमा आधिकारिक सूचना तथा विवरणका लागि सम्बन्धित निकायसँग सम्पर्क गर्नसमेत अनुरोध गरिएको छ।

तीन खर्बको कारोबार डिजिटल बनाउँदै आयल निगम

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल आयल निगमले आफ्नो सम्पूर्ण कारोबारलाई एउटै एकीकृत डिजिटल प्रणालीमा आबद्ध गर्ने उद्देश्यले सञ्चालन गरेको इन्टरप्राइज रिसोर्स प्लानिङ (इआरपी) परियोजना अन्तिम चरणमा पुगेको छ।

परियोजनाका प्रमुख प्रदीपकुमार यादवका अनुसार करिब रु २२ करोड ८७ लाखको यो परियोजनाको पहिलो चरण कार्यान्वयनमा आएसँगै निगमको पेट्रोलियम पदार्थको खरिद, बिक्री, वितरण, भण्डारण, वित्त, लेखा तथा कर्मचारी व्यवस्थापनलगायतका काम डिजिटल प्रणालीबाट सञ्चालन हुन थालेका छन्।

उक्त परियोजनाको परामर्शदाता काठमाडौं विश्वविद्यालयको युनिभर्सिटी कन्सल्टले यही कात्तिक १७ गते प्रतिवेदन बुझाएपछि निगमले परियोजना समापन तथा हस्तान्तरणको प्रक्रिया अघि बढाएको हो।

इआरपी प्रणाली कार्यान्वयनसँगै निगमका देशभरका एक हजार ५०० भन्दा बढी डिलर, ६० बोटलर तथा एयरलाइन्स र तिनका एजेन्टले निगमका डिपोमा भौतिक रूपमा उपस्थित नभई अनलाइनबाटै पेट्रोलियम पदार्थको माग प्रविष्ट गर्न, डिजिटल भुक्तानी गर्न तथा आफ्नो कारोबारको विवरण हेर्न सक्ने सुविधा पाएको प्रमुख यादवले जानकारी दिए।

यसअघि निगमका अधिकांश कारोबार कागजी प्रक्रिया र भौतिक उपस्थितिमा आधारित थिए। नयाँ प्रणालीले ती प्रक्रियालाई एकीकृत डिजिटल प्रणालीमा रूपान्तरण गरेको छ। वार्षिक करिब रु तीन खर्बको कारोबार गर्ने निगमका लागि यो प्रणालीलाई व्यवस्थापन, पारदर्शिता र कार्यक्षमताका दृष्टिले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

सबै विभागको कारोबार एउटै प्रणालीमा

इआरपी प्रणालीले निगमको बिक्री, वितरण, वित्त, लेखा, खरिद, भण्डारण, सम्पत्ति व्यवस्थापन तथा मानव संसाधनसम्बन्धी कामलाई एउटै सफ्टवेयरमा जोडेको छ। एउटा विभागले प्रविष्ट गरेको तथ्याङ्क अर्को विभागले तत्काल प्राप्त गर्न सक्ने भएकाले दोहोरो कामको अन्त्य, तथ्याङ्कको शुद्धतामा वृद्धि र छिटो निर्णय प्रक्रियामा सहयोग पुग्ने निगमको अपेक्षा छ।

जर्मनीको एसएपी कम्पनीले विकास गरेको एसएपी बिजनेस वन प्रविधिमा आधारित यो प्रणाली एसएपी हाना डाटाबेसमा सञ्चालन हुन्छ। ठूलो परिमाणको तथ्यांक छिटो प्रशोधन गर्न सक्ने यस प्रणालीलाई बैंकिङ तथा डिपो सञ्चालनलगायत अन्य प्रणालीसँग पनि जोड्न सकिन्छ।

प्रणाली सार्वजनिक इन्टरनेटबाट प्रत्यक्ष पहुँचयोग्य नभई आन्तरिक इन्ट्रानेटमार्फत सञ्चालन हुने व्यवस्था गरिएको छ।

यसको तथ्याङ्क लिनक्समा आधारित सर्भरमा राखिएको छ। पहुँच नियन्त्रण, नेटवर्क सुरक्षा, गतिविधि अनुगमन, नियमित अद्यावधिक तथा सुरक्षा परीक्षणलाई समेत प्राथमिकता दिइएको निगमले जनाएको छ।

इआरपी परियोजनाअन्तर्गत बिक्री तथा वितरण, मानव संसाधन सूचना प्रणाली, वित्त, सम्पत्ति, ट्रेजरी र लेखा व्यवस्थापनका प्रमुख प्रणाली सञ्चालनमा आएका छन्।

नेपाल क्लियरिङ हाउस लिमिटेडसँगको एकीकरणपछि कनेक्ट आइपीएसमार्फत हुने भुक्तानी सिधै इआरपी प्रणालीमा अद्यावधिक हुने व्यवस्था गरिएको छ। यसबाट निगमको आम्दानीतर्फको भुक्तानी प्रक्रिया डिजिटल बनेको छ।

निगमले आफ्नो प्रणालीलाई भारतीय आयल कर्पोरेसन (आइओसी)सँग जोड्ने कामसमेत अघि बढाएको छ। दुई संस्थाबीचको प्रणाली एकीकरणको विकास तथा परीक्षण सम्पन्न भइसकेको छ। हाल आइओसीको मुम्बई कार्यालयबाट अन्तिम स्वीकृतिको प्रतीक्षा भइरहेको निगमले जनाएको छ। स्वीकृति प्राप्त भएपछि निगमले आइओसीमा स्वचालित खरिद आदेश पठाउन, ट्यांकरको इन्डेन्ट स्वचालित रूपमा गर्न तथा आइओसीबाट जारी हुने बिजक वास्तविक समयमै आफ्नो प्रणालीमा प्राप्त गर्न सक्नेछ।

झिनो अंकले बढ्यो नेप्से परिसूचक

काठमाडौं (प्रस)– साताको कारोबारको तेस्रो दिन बुधबार नेप्से परिसूचक सामान्य बढेको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १.४० अंक बढेर २६६५.५३ विन्दुमा पुगेको छ।

सेन्सेटिभ इण्डेक्स २.६९ अंक, फ्लोट इण्डेक्स ०.४४ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.९९ अंक घटेको छ। १३ मध्ये चार उपसमूहको परिसूचक बढेको छ। अन्य उपसमूहको परिसूचक सर्वाधिक ६.१८ प्रतिशत बढेको छ। व्यापार उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी, जीवन बीमा र म्युचुअल फण्ड उपसमूहको परिसूचक सामान्य अंक बढेको छ। नेप्सेसँगै कारोबार रकम पनि बढेको छ। मंगलबार पाँच अर्ब ६५ करोड रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको थियो। बुधबार सात अर्ब ४३ करोड ९३ लाख ६६ हजार रूपैयाँबराबरको कारोबार भएको छ।

‘विराट एक्स्पो’ आगामी पुसमा

विराटनगर (प्रस)– उद्योग संगठन मोरङको आयोजनामा नवौं संस्करणको ‘विराट एक्स्पो’ विराटनगरमा हुने भएको छ। आगामी पुस २ देखि ११ गतेसम्म विराटनगर महानगरपालिका-१४ मा आयोजना हुने सो एक्स्पोको करिब दुई लाख ५० हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको छ।

बिहान ८ बजेदेखि राति १० बजेसम्म सञ्चालन रहने उक्त ‘एक्स्पो’ मा १० वटा अवसर क्षेत्र र छ वटा एकीकृत प्लेटफर्म, नेपाल, भारत, बंगलादेशलगायत स्थानीय कृषि तथा घरेलु उद्योगका २७५ भन्दा बढी कक्ष रहने संगठनका अध्यक्ष नन्दकिशोर राठीले जानकारी दिए। एक्स्पोमा सीप र रोजगारीको अवसर, उद्यमीले बजार र लगानीको सम्भावना पहिचान र उद्योगीले नयाँ ग्राहक तथा साझेदार भेट्ने छन्।

‘एक्सो’का संयोजक विपिन कावराका अनुसार कोशी प्रदेशका १४ वटै जिल्लाका कृषि, महिला, घरेलु तथा साना उद्यमीका उत्पादन र सुनसरी-मोरङ औद्योगिक करिडोरका प्रमुख उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ। तीन सयभन्दा बढी कम्पनी तथा संस्था, २५ हजार विद्यार्थीको सहभागिता र एक हजार ५०० भन्दा बढी व्यावसायिक ‘म्याचमेकिङ’को लक्ष्य राखेको ‘एक्स्पो’ले दुई हजार युवालाई रोजगारीसँग जोड्ने र कम्तीमा २० वटा लगानीयोग्य स्टार्टअप लगानीकर्तासमक्ष प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

किसान सहकारीको वार्षिकोत्सवमा बाढीपीडितलाई सहयोग

■ प्रभाव संवाददाता

कैलाली– कैलालीको लम्कीमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाले ३१ औं वार्षिकोत्सव अवसर पारेर रसुवाको बाढीमा परी बेपत्ता भएका अभिभावकका सन्ततीलाई खाद्यान्न सहयोग गरेको छ।

सहकारीको टीकापुर शाखाले आफ्नो वार्षिकोत्सवको अवसरमा रसुवाको बाढीमा परी बेपत्ता भएका मनीऋषि सञ्ज्यालका छोराछोरीलाई खाद्यान्न र सरसामाग्री सहयोग गरेको हो। गत भाद्रमा रसुवाको भोटेकोशी नदीमा अएको बाढीमा परि मनीऋषि सञ्ज्याल, निजकी पत्नी मनकला सञ्ज्याल र छोरी सुस्मिता सन्ज्याल बेपत्ता भएका छन्। अभिभावक बेपत्ता भएपछि बेसाहारा बनेका चार बालबालिकालाई सहकारीले खाद्यान्न र अन्य उपभोग्य सरसामाग्री सहयोग गरेको सहकारीका शाखा प्रमूख दुर्गा प्रसाद उपाध्यायले बताए।

’बाढीमा परी परिवारका तीन सदस्य



बेपत्ता भएपछि चार जना बालबालिका सहारा विहीन बनेका छन्।’ शाखा प्रमूख उपाध्यायले भने -’यस्तो दुःखद् परिस्थितिमा संस्थाले खाद्यान्न र उपभोग्य सामाग्री दिएको हो, बालबालिकालाई केही राहत पुग्ने अपेक्षा गरेका छौ।’

अभिभावकहरू बेपत्ता भएपछि बेसहारा हुनेमा १८ वर्षीय छोरी नमुना सन्जाल, १६ वर्षीय भाइ देवेन्द्र सन्ज्याल, १३ वर्षकी प्रतीक्षा सञ्जाल र ११ वर्षको अनिल सन्जाल रहेका छन्।

तीन वर्षअघि सन्तानको शिक्षा दिक्षाका लागि बाजुराबाट टीकापुर आएको सञ्ज्याल परिवार यहाँ भाडामा बस्दै आएको थियो। परिवारको गुजारा चलाउन मनीऋषि, उनकी पत्नी र १ छोरी रसुवाको एउटा हाइड्रोपावरमा काम गर्दथे।

गत भाद्र महिनामा भोटेकोशीमा आएको बाढीमा परेर उनिहरू तिनै जना बेपत्ता भएपछि बालबालिकाहरू बेसहारा बनेका हुन्। सञ्ज्याल परिवारको बसाइसराइ नभएका कारण स्थानीय तहले कुनै राहत दिन सकेको छैन। राष्ट्रिय मानव अधिकार आयोगको टोली निरीक्षण गरेर गएको बालबालिकाले बताएका छन्।

छोरी नमुना भन्छिन्, ’आमाबुवा र दिदी बेपत्ता भएपछि अब भाइबहिनीको हेरचाह गर्ने दायित्व मेरो जिम्मेवारी हो, जसोतसो उनिहरूको लालनपालनका भइ राखेको छ।’ संस्थाका ४० वटै शाखाहरूले आफ्नो ३१ औं वार्षिकोत्सवको अवसरमा समुदाय स्तरमा विभिन्न सामाजिक कृयाकलापहरू गरेको संस्थाका महाप्रबन्धक डम्बर बहादुर शाहले बताएका छन्।

वि.सं. २०५२ साल कार्तिक १७ गते स्थापना भएको सहकारी संस्थाले सुदुरपश्चिम प्रदेश र लुम्बीनी प्रदेशको राजापुर नापामा कार्यक्षेत्रमा रहेका ७५ हजार सदस्यलाइ वित्तिय तथा गैरवित्तिय सेवाहरू प्रदान गर्दै अएको छ। संस्थाले वित्तिय सेवासँगै कृषि उत्पादन, बजारीकरणा, कृषि बिज प्रशोधन, माटो परिक्षण एवं सहकारी पसलमार्फत सेवा दिदै अएको छ।

स्वच्छ शहर : स्वस्थ शहर

- धुँवा बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं : सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ